पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १४ | २०७० कात्तिक १५ गते शुक्रबार (Nov. 1, 2013) | मूल्य रू. १०/-

## ठूला दल मूल मुद्दामा दुई भागमा

काठमाडौँ । संविधानसभाको निर्वाचन नजिकिँदै गर्दा ठूला दलहरू संघीयता र शासकीय स्वरूपमका बारेमा दुई ध्रुवमा उभिएका छन् । विगतको संविधानसभामा सहमति जुट्न नसकेका सबै विषयमा अहिले दलहरू दुई ध्रुवमा बाँडिएका छन् ।

एमाओवादी, मधेसी जनअधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टी एक ध्रुवमा उभिएका छन् भने नेपाली काँग्रेस, नेकपा एमाले, राप्रपा, राप्रपा नेपाल र तराई मधेस लोकतान्त्रिक पार्टी अर्को ध्रुवमा उभिएका हुनाले निर्वाचनमा समेत त्यसको प्रभाव पर्नसक्ने देखिएको छ । संघीयता र शासकीय स्वरूपका बारेमा एमाओवादी, मधेसी गठवन्धनसँग नेपाली काँग्रेस र नेकपा एमालेको मतभेदका कारण पहिलो संविधानसभा नै विघटन भएको थियो । अहिले सबै (बाँकी अन्तिम पेजमा)

# वैद्यले प्रचण्डमा लेण्डुप देखे

काठमाडौं । नेकपा-माओवादी अध्यक्ष मोहन वैद्यले एकीकृत नेकपा माओवादीका प्रचण्डको अनुहारमा लेण्डुप दोर्जे देखेको खुलासा गरेका छन् । आफ्नो पार्टी कार्यालयमा पत्रकार सम्मेलन गर्दै वैद्यले प्रष्ट शब्दमा भने, 'प्रचण्ड र लेण्डुप छुट्याउन गाह्रो भो, 'र' का प्रमुख आलोक जोशीको झल्का प्रचण्डमा देखिन थाल्यो ।

तथापि वैद्यले वक्तव्य नै प्रकाशित गरेर आग्रह गरेका छन्, 'निर्वाचन प्रक्रिया तत्काल रोकेर गोलमेच सम्मेलनमा बसौं र निकास निकालौँ ।' वक्तव्यको महत्वका बारेमा वैद्यले भने, 'संविधानसभाको निर्वाचनलाई विभिन्न स्वार्थी तत्वले आफू





अनुकूल प्रयोग गर्न खोजेका छन् भने अर्कोतिर मुलुकमा अराजकता बढ्दै छ । यस्तो अवस्थामा राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिनिधिसँग फेरि पनि वार्ता गरेर निकास निकाल्ने हाम्रो प्रयास हो ।'

वैद्यले ३३ दलको तर्फबाट यसरी आग्रह गरे पनि चुनावमा होमिएका ४ दलीय संयन्त्र, सरकार र निर्वाचन आयोगले वेवास्ता गरेका छन् । आफ्नो आग्रहलाई लत्याएपछि देव गुरुङ, नेत्रविक्रम चन्द, पम्फा भुषालहरूले चुनाव विथोल्न जस्तोसुकै आन्दोलन गर्न तयार रहेको आक्रोश व्यक्त गरेका छन् । यद्यपि चुनावी मैदानमा प्रचारका लागि गएका कांग्रेस, एमालेका सवारी साधनमा आगजनीका घटना बढेकोमा वैद्य समूहमाथि आरोप लाग्न थालेको छ । तर अध्यक्ष वैद्यले सेना र प्रहरीको हतियार नखोस्ने र शान्तिपूर्ण बहिष्कार नीतिलाई सशक्त पार्ने बताएका छन् ।

(बाँकी अन्तिम पेजमा)

## पूर्वमा प्रचण्डलाई हराउन आन्दोलन

काठमाडौं । राजधानी र राजधानी पश्चिममा तोडफोड, आगजनीलगायतका घटनाले तापक्रम बढाइरहेको वैद्य माओवादीले पूर्वी नेपालमा 'प्रचण्ड हराउ' आन्दोलन सुरू गरेका छन् । वैद्य माओवादीले मतदान नगर्दा स्वतः भोट कम भएका एमाओवादी उम्मेदवारहरू हराउ आन्दोलनबाट चुनाव हारिने भयो भनेर छटपटिन थालेका छन् । यो छट्पटि देख्नेहरू राजधानीमा प्रतिक्रिया दिँदैछन्- एमाओवादीले नै चुनाव रोक्ला जस्तो छ ।

कांग्रेस, एमाले चुनाव जित्ने दाबीसहित मैदानमा छन् । त्यसमाथि ०६४ को निर्वाचनमा धोती न टोपी भएर भागम् भाग गर्ने, राप्रपा, राप्रपा नेपालहरू चुनावमा राम्रै जनसमर्थन पाइरहेका छन् । जतातते चुनौती (बाँकी अन्तिम पेजमा)

## आन्दोलनबीचबाटै जनसंविधान बनाउने उद्घोष

काठमाडौँ । चारदलीय सिन्डिकेट र मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीको हठका कारण आफ्नो पार्टी नेकपा-माओवादीसहितका अन्य ३३ दलले मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको निर्वाचनमा भाग लिन नपाएको उद्घोष नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले गरेका छन् ।



माओवादी केन्द्रीय सदस्य अनिल शर्मा विरहीद्वारा लिखित 'राष्ट्रियता र राप्तीमुन' पुस्तक विमोचन गर्दै वैद्यले उक्त कुरा बताएका हुन् । सोही अवसरमा बोल्दै वैद्यले भने चुनाव वहिष्कारको अभियानको औचित्य प्रष्ट हुँदै गएको छ । हामी साम्राज्यवाद र विस्तारवादका भरौटेसामु कुनै हालतमा पनि झुक्दैनौं । चुनाव सक्रिय रूपमा बहिष्कार गर्ने भन्दै वैद्यले प्रहरी र सेनाका हतियारहरू खोसेर चुनाव विथोल्ने पार्टीको योजना र नीति नरहेको बताउँदै (बाँकी अन्तिम पेजमा)

## धाँधली गर्न परिचयपत्रको विरोध

काठमाडौँ । नेकपा एमालेका वरिष्ठ नेता एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले एमाओवादीले विगतमा गरेको गल्ती फेरि धाँधली गरी दोहोऱ्याउन सक्ने बताउँदै त्यसतर्फ जनतालाई सजग रहन आग्रह गरेका छन् । नेपाल काठमाडौँ क्षेत्र नं. २ र रौतहट क्षेत्र नं. १ मा संविधानसभाको निर्वाचनका लागि प्रत्यक्षतर्फका उम्मेद्वारसमेत रहेका छन् ।

प्रेस चौतारी नेपाल रौतहटले केही दिनअघि गौरमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेपालले उक्त कुरा बताएका हुन् । पत्रकार सम्मेलनमा नेता नेपालले अगाडि भने निर्वाचनमा धाँधली गर्नकै लागि एमाओवादी नेतृत्वले मतदाता परिचयपत्रको विरोध गरिरहेको बताउँदै निर्वाचनलाई स्वतन्त्र, धाँधलीरहित र निष्पक्ष बनाउनका लागि मतदाता परिचयपत्र अनिवार्य रूपमा बाँड्नुपर्ने भन्दै निर्वाचन आयोगले मतदाता परिचयपत्र छिट्टै बाँडोस् भन्दै (बाँकी अन्तिम पेजमा)

## चुनाव स्थगन गरे राम्रो

**शाश्वत शर्मा खतिवडा**

'बिहानीले आउने दिनको संकेत गर्छ' भनेझैं हुन गइरहेको संविधानसभा-२ को (मंसिर ४) चुनावले कस्तो परिणाम मुलुकलाई दिन्छ ? त्यसको छनक अहिलेदेखि नै देखिन थालिइसकिएको छ । चुनाव नहुने पक्कापक्कीको अवस्थामा रहेको मुलुक एकाएक 'चुनावमय' मा परिणत हुन सक्नुको कारण अब धेरैलाई थाहा भइसकेकै छ । खासगरी संयुक्त राष्ट्रसंघको महासभामा भाग लिने निहुँमा हाम्रा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले जब न्यूयोर्कमा दक्षिणका छिमेकी भारतका प्रधानमन्त्री डा. मनमोहन सिंहसँग गुरूमन्त्रणा लिएर नेपाल फर्कनु भो, तबदेखि एकाएक मुलुक 'चुनावमय' हुन पुग्यो । त्यसो त, वैध माओवादीलगायत चुनाव



बहिष्कार गर्ने तेत्तीस दललाई पनि 'साथ लिएर' अगाडि जाने भनेर धेरै अभ्यास (नाटक) पनि नभएका होइनन । तर, ती सिर्फ 'देखाउन' का लागि मात्र थिए, भित्री मनसुवा त अर्कै थियो भन्ने कुरा अब प्रमाणित पनि भइसकेको छ । अर्थात्, एउटा शक्तिशाली दल र उसको 'साथ' लागेको स-साना दलहरूलाई बाहेक गरेर आयोजना गरिन लागिएको मंसिर ४ को कथित चुनावले सकारात्मक परिणाम होइन कि, दुष्परिणाम दिने पक्का छ- एकथरीको यस्तो भनाइ छ । के खाँचो थियो- मंसिर ४ मै चुनाव गर्न ? वैध माओवादी अद्यापि चुनाव रोकौं, वार्ता थालौं भनेर आग्रह गरिनै रहेको छ । त्यसलाई नजरअन्दाज गरेर परिणाम विहीन र मुलुकलाई झन्झन् अराजकता र अन्धकार र द्वन्द्वतिर धकेल्ने चुनाव सम्पन्न गराउन किन यति विघ्न हतार ? आजसम्म भाँडभैलो तरिकाले चलेको मुलकुमा केही समय पर्खेर सबैलाई साथ लिई (बाँकी अन्तिम पेजमा)




पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# राजनीतिलाई अपराधीकरण हुनबाट जोगाऔं

*केही दिन अगाडि बाराका नेकपा एमालेका आउँदा संविधानसभाका लागि उम्मेदवार भएका महमुद आलमको हत्या भयो । सो हत्यामा नेकपा एमालेकै पूर्व सभासद् रामचन्द्र प्यासी कुसुवाहको संलग्नताले राजनीतिभित्र अपराधीकरण भएको प्रष्ट भएको छ । पछिल्लो समयमा ठूला दल भनिएका दलहरुले विभिन्न खालका अपराधमा संलग्न भएका र अनेक प्रकारका अपराधहरुमा संलग्न भएका व्यक्तिहरुलाई आ-आफ्नो पार्टीमा प्रवेश गराउने होड नै चलेको थियो । अहिले पनि त्यो क्रम जारी रहेको र भविष्यमा पनि जारी रहने हुनाले अब राजनीतिमा इमानदार भएर लागेका व्यक्तिहरुले राजनीति गर्न नसक्ने अवस्थामा पुगेका छन् । भिन्नाभिन्नै पार्टीका कार्यकर्ता र नेताहरुबीच विवाद उत्पन्न हुनु स्वाभाविकै भए पनि एउटै पार्टीभित्रका र एउटै क्षेत्रका व्यक्ति अनि एउटै समूहका व्यक्तिहरुले आफ्नै पार्टीभित्रको प्रतिद्वन्द्वीलाई सिध्याउने खेल खेल्नु पार्टी र देशकै लागि दुर्भाग्यको विषय हो ।*

*पार्टी कार्यकर्ताहिरुमा अहिले एक प्रकारको होड नै चलेको छ । जसरी भए पनि माथिल्लो तहमा पुगिहाल्ने । त्यो प्रवृत्ति प्रायः सबै दलका कार्यकर्ताहरुमा रहेको र माथि पुग्ने भोक पलाएको हुनाले अब पार्टीहरुले आ-आफ्नो विधान नै बनाएर त्यसलाई नियन्त्रण नगर्ने हो भने आफ्नै पार्टीभित्रका प्रतिद्वन्द्वीहरुले आफ्नै पार्टीका नेता र कार्यकर्ताहरुको हत्या गराउन सक्ने सम्भावना बढेर गएको छ । गैरराजनीतिक मान्छेलाई राजनीतिमा प्रवेश गराएर हतार-हतारमा टिकट दिने उदारता दलहरुमा देखिएको छ । आफ्नो पार्टीमा प्रवेश गरेको व्यक्तिको पृष्ठभूमिसम्म नबुझि एकैचोटी टिकट दिने र उसलाई प्रभावशाली ठाउँमा पुऱ्याउने पार्टीहरुको नीति नै खराब भएको छ । चुनावको हार जितले मात्र राजनीतिको अभिष्ट पूरा हुन सक्दैन । चुनाव हारे पनि राजनीतिमा इमान र नैतिकता जोगाउने कि जसरी भए पनि चुनाव जितेर सत्ताको भोग गर्ने अहिले मूल प्रश्न भनेको यही हो । अब यस्ता धेरै प्रश्नहरुको उत्तर दलहरुले खोज्नुपर्ने भएको छ । अहिले धेरै मानिसले भन्न थालेका छन्- अब इमानदार तर पैसा नभएका व्यक्तिले चुनावमा नउठे पनि हुन्छ, पैसा नभएको व्यक्तिलाई दलहरुले टिकटै दिँदैनन् । टिकट दिनुभन्दा अगाडि पैसाको बार्गेनिङ हुन्छ- पार्टीलाई कति चन्दा दिनुहुन्छ भनेर अहिले प्रायः ठूला दलहरुले समानुपातिकतर्फ उठाएका व्यक्तिहरुलाई हेरेमा त्यो प्रमाणित हुन्छ । प्रायः ठूला दलले उद्योगी, व्यवसायीहरुलाई समानुपातिकको तर्फबाट उम्मेदवार बनाएका छन् । केही व्यक्तिहरुले त पैसा मागेको हुनाले आफूले त्यसलाई अस्वीकार गरिदिएको भन्दै आफू समानुपातिकतर्फबाट उम्मेदवार नै बन्न नचाहेको उद्घोष गरेका हुनाले अब पैसा नहुने तर इमानदार व्यक्तिले राजनीति नै नगरे हुने भएको छ । यसले गर्दा अपराधीकरण बढ्ने सम्भावना बढेर गएको हुनाले दलहरुले त्यसलाई सच्याउन अब ढिलो गर्नु हुन्न ।*

*राजनीतिमा इमानदार, नैतिक र सिद्धान्तनिष्ठ व्यक्तिहरुको उपस्थिति घट्दै गएको खण्डमा त्यसले प्रजातन्त्रमाथि नै खतराको संकेत गर्दछ । राजनीतिलाई पेशा ठान्ने र गतिले उद्योग ठान्ने प्रवृत्तिको विकास भएमा त्यो राजनीतिले मुलुकलाई संकटमा पार्ने निश्चित छ । अहिले हाम्रो देशमा राजनीतिलाई गतिलो उद्योग व्यवसायको रुपमा विकसित गरिन थालिएको छ । मूल्यहीन मान्छेको दबदबा घटाउन र इमानदार र नैतिकताको राजनीति गर्ने व्यक्तिहरुलाई संरक्षण गर्दै राजनीतिलाई अपराधीकरण हुनबाट जोगाउन प्रमुख दलका शीर्ष नेताहरुले आफ्नै पार्टीभित्रका कुसुवाह प्रवृत्तिका व्यक्तिहरुको खोजबिन गरेर उनीहरुलाई पार्टीबाट निस्कासन गर्न ढिलो गरेको खण्डमा पछि पछुताउनु बाहेक उनीहरुसँग अर्को विकल्प रहन्न । कुसुवाह प्रवृत्ति र मानसिकता विकसित हुनका कारण के के हुन् भनेर त्यस विषयमा गहन अध्ययन र अनुसन्धान गर्नु उपयुक्त हुन सक्छ । पार्टीहरुले पहिला आ-आफ्नै पार्टीभित्रको फोहोरमैला सफा गर्न नसकेको खण्डमा त्यस्ता पार्टीहरुले समाज र राज्यलाई किमार्थ सपार्न सक्दैनन् भने हामीले ठहर गरेका छौं ।*

*तसर्थ अब ढिलो नगरी सबै पार्टीहरुले आ-आफ्ना पार्टीभित्र रहेका अपराधमा संलग्न भएका अपराधीकरणमा लागेका व्यक्तिहरुलाई पार्टीबाट निस्कासन गरी शुद्धिकरणतर्फ लाग्न सक्नुपर्छ । एउटा पार्टीबाट अपराधमा संलग्न भएको आरोपमा निस्कासन गरिएका व्यक्तिलाई अर्को पार्टीमा प्रवेशमा रोक लगाएको खण्डमा केही हदसम्म भए पनि राजनीतिलाई अपराधीकरण हुनबाट जोगाउन सकिन्छ भन्ने हाम्रो मान्यता रहेको छ । त्यसैले हामी भन्दछौं, राजनीतिलाई अपराधीकरण हुनबाट जोगाऔं ।*

# मुलुक द्वन्द्वमा गए राष्ट्रपति र चार दल जिम्मेवार हुनुपर्ने

■ **देवेन्द्र चुडाल**

अघिल्लो संविधानसभाले न त संविधान निर्माण गर्न सक्यो न त आफूलाई नै बचाउन सक्यो । पछि थप गरिएको २ वर्षे कार्यकाल त दलहरूले गर्दा व्यर्थमै बित्यो । ठूला भनिएका राजनीतिक दलहरू सरकार बनाउने र गिराउने खेलमै व्यस्त भएर दुई वर्षे कार्यकाल रहेको संविधानसभाले चार वर्षसम्म म्याद पाएपनि अन्त्यमा संविधान नै निर्माण गर्न नसकेर संविधानसभा विघटन हुन पुग्नु नेपाल र नेपाली जनताको लागि दुर्भाग्यको विषय बन्न पुगेको छ । विश्वका कमै मुलुकमा मात्र संविधानसभाको दोस्रो निर्वाचन भएको छ । जतिसुकै ठूला ठूला डंक कथित ठूला दलहरूले पिटेपनि पुरानै पात्र पुरानै अवस्था र पुरानै एजेन्डा लिएर दलहरू निर्वाचनमा गएका हुनाले अहिलेकै अवस्थामा दलहरूले एक वर्षभित्रमा संविधान निर्माण गरी जारी गर्न सक्छन् भन्ने विश्वास गर्नु अहिले हतार हुनेछ । पहिलो संविधानसभामा प्रायः सबै दलहरूको सहभागिता रहेको थियो । पहिलो संविधानसभाको निर्वाचनमा ५४ वटा दलहरूले भाग लिएका भएपनि २५ वटा दल संविधानसभामा सहभागी थिए । तर दलहरूको स्वार्थ र व्यक्तिगत महत्वाकांक्षाले दलहरू विभाजित हुँदै गए, त्यसमा पनि खास गरेर मधेसवादी दलहरू टुक्राटुक्रा भएर संविधानसभामा उपस्थित दलहरूको संख्या ३३ पुगेको थियो ।

अहिले हुन लागेको संविधानसभाको दोस्रो निर्वाचनका लागि १ सय २२ वटा दलले सहभागिता जनाउँदै छन् । ती सबै दलहरूको संविधानसभामा प्रतिनिधित्व हुन सक्ने अवस्था नै छैन । राजनीतिलाई कमाईखाने भाँडो र राम्रो उद्योगको रूपमा विकसित गरिएको हुनाले जो सुकैले पनि २/४ जना मानिसहरू भेला पारेर दल निर्माण गर्ने कार्यले व्यापकता पाएको हो । राजनीतिलाई जबसम्म सेवाको रूपमा लिने प्रवृत्तिको विकास हुँदैन तबसम्म स्वच्छ राजनीति हुन सक्ने सम्भावना नै रहँदैन । अर्कोतर्फ दलहरूले अपराधमा संलग्न भएका व्यक्तिहरूलाई आफ्नो दलमा प्रवेश गराउने कार्यलाई व्यापकता दिएका हुनाले राजनीतिलाई अपराधीकरण तर्फ धकेलिएको जस्तो देखिएको छ । जनताका लागि राजनीति गर्दछौं भन्ने व्यक्तिहरू अपराधमा संलग्न हुने भएपछि त्यस्ता अपराधीलाई जनताले किन मत दिने ? राजनीति भनेको नीतिहरूको उत्तम नीति भएको हुनाले त्यसैलाई राजनीति भनिएको हो । जो कोही पनि कहिल्यै कसैको शत्रु र कसैको मित्र हुन सक्दैन, अवस्था हेरेर शत्रु भनिएकासँग पनि हातेमालो गर्न सक्नु नै उत्तम नीति राजनीति हो । पछिल्लो समयमा त्यो नीति हराएको छ । खास गरेर एमाओवादीले पहिलो संविधानसभामा रहँदा दोस्रो ठूलो दल नेपाली काँग्रेस र तेस्रो नेकपा एमालेलाई उपेक्षा गरेर चरम अवसरवादी मधेसवादी दलको समर्थन लियो । उनीहरूका जायज नाजायज मागहरू पूरा गरी आफू सत्तामा टिकिराख्ने रणनीतिक चाल चालेको हुनाले पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेको सत्य वास्तविकता भए पनि अहिले एमाओवादी नेतृत्वले नेपाली काँग्रेस र नेकपा एमालेले संविधान निर्माण गर्न दिएनन् भनेर फेरि झुठको खेती गरिरहेको छ । त्यही झुठको खेतीलाई सफल बनाउने कडीका रूपमा उसले सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार निर्माण गर्ने पासा आफ्नो पार्टीको महाधिवेशनमै पारित गरेर त्यही निर्णय स्वीकार गर्न काँग्रेस र एमालेलाई बाध्य पाऱ्यो । अहिले अवस्था फेरिएको छ । चुनाव नजिकिँदै जाँदा नेकपा-माओवादी सहितका अन्य केही दलहरू एमाओवादी नेतृत्वप्रति आक्रोशित भएका छन् । नेकपा-माओवादीले खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिएको खण्डमा आफूहरूले चुनावमा सहभागिता जनाउने उद्घोष गर्दा समेत त्यसतर्फ चारदलीय सिक्डिकेट र रेग्मीले छलफल र बहस चलाएर समस्याको समाधान खोज्नुको सट्टा चुनाव बहिष्कारवादीहरू पानीका फोका हुन् भन्ने उद्घोष रेग्मीले गर्नु गैरराजनीतिक चरित्र देखाउनु र मुलुकलाई निकास दिन नखोज्ने प्रवृत्तिबाहेक अन्य केही हुन सक्दैन ।

अघिल्लो संविधानसभाको अवसानपछि तत्कालीन अवस्थामा संविधानसभामा रहेका सबै दलबीच सर्वदलीय छलफल र बहस हुनु पर्दथ्यो तर त्यसो नगरी प्रमुख दल भनाउँदा एमाओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादीदलहरूको चार दलीय सिन्डिकेट बनाएर अन्य दलहरूलाई पाखा लगाउने आत्मघाती निर्णय गरियो । त्यही चार दलीय सिन्डिकेटलाई राष्ट्रपति डा. रामवरण यादवले समेत मान्यता दिएर अन्य दलहरूको अस्तित्व नै स्वीकार नगरेपछि नेकपा-माओवादी नेतृत्वले रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिनुपर्ने र मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचन केही समय पछि सार्नुपर्ने प्रस्ताव राखे पनि त्यसलाई वेवास्ता गर्दै जबर्जस्ती रूपमा चुनाव गराउन खोज्नुले कथित ठूला दल भनिएका दलका शीर्ष नेताहरूले नेपाली जनतामाथि घात गर्दै गरेको विस्तारै प्रमाणित हुँदै गएको छ । चार दलको मात्र सहमतिमा चुनावमा जाने निर्णयलाई अन्य केही दलहरूले स्वीकार गरेर उनीहरू चुनावी प्रक्रियामा होमिएपनि नेकपा-माओवादीसहितका अन्य केही दलहरूले चुनावलाई सक्रियरूपमा बहिष्कार गर्ने भन्दै चुनाव बिथोल्ने, भाँड्ने प्रयास जारी राखेका छन् । उपत्यकाभित्रै उम्मेदवारहरूका गाडीमा आगो लगाइएको छ । कतिपय जिल्लाहरूमा निर्वाचन प्रचारप्रसार सामग्रीहरू लुटिएका छन् । रेग्मी सरकारले त्यस्तो कार्य गर्नेहरू माथि कुनै कारबाही गर्न नसकेको र सरकारले शान्ति सुरक्षाका व्यवस्था चुस्त र दुरूस्त रहेको बताए पनि जनताले भने त्यसलाई विश्वास गर्न सकिरहेका छैनन् ।

अहिले निर्वाचन मात्र भनिएको छ । राजनीतिक दलहरूका घोषणा पत्र हेर्दा पहिलो संविधानसभाले गरिसकेको सकारात्मक कामलाई प्राथमिकता दिँदै अघि बढ्ने, राज्यको शासकीय स्वरूप कस्तो हुने, राष्ट्रपति वा प्रधानमन्त्री कसरी चुन्ने, संघीयताको मोडल कस्तो हुने भन्ने विषयमा दलहरू बीच पहिला नै सहमति हुनुपर्थ्यो । तर त्यस्ता विषयमा दलहरूको ध्यान पटक्कै गएको छैन । जनताले यस्ता प्रश्न उठाउँदा उनीहरू ती सबै निणर्यहरू पछि गर्ने भन्दै जनतलाई ढाँटिरहेका छन् । पछिल्लो संविधानसभाले यिनै विषयमा सहमति जुटाउन नसकेकै कारण संविधानसभाले संविधान निर्माण गर्न नसकेको सत्य वास्तविकतालाई स्वीकार गर्दै दलहरूले मुलभूत मुद्दामा सर्वदलीय सहमति गरेर अगाडि बढेका भए आउँदो संविधानसभाले संविधान निर्माण गर्न सक्दथ्यो । तर त्यसको ठीक विपरित दलहरू संविधानसभाको चुनावलाई संसद्को चुनाव जस्तो चुनाव ठानेर चुनावी प्रचारप्रसारमा होमिएका छन् । संसद्को निर्वाचन सामान्यतया ५ वर्षमा हुने गरेको भएपनि संविधानसभाको निर्वाचन त्यस्तो होइन । संविधानसभाको निर्वाचनले मुलुकलाई दूरगामी असर पार्न सक्छ, साँचो अर्थमा स्वीकार गर्ने हो भने संविधानसभाको निर्वाचन संविधान निर्माण गर्न कै लागि हुनुपर्ने हो । त्यसले संसद्को कार्य समेत गर्न पाउने गरी नेपालको अन्तरिम संविधानमा व्यवस्था गरिनु नै गलत थियो । अहिले दलहरूले त्यही गलत व्यवस्थाको फाइदा उठाएर जसरी भएपनि सत्तामा पुग्ने र जनतालाई ढाँटेर फेरि व्यक्तिगत महत्वाकांक्षा पुरा गर्ने उद्देश्यका साथ अगाडि बढेका हुनाले आउँदो संविधानसभाको निर्वाचनपछि गठन हुने संविधानसभाले कुनै सार्थक परिणाम दिन सक्ने अवस्था देखिएको छैन । पुरानै पात्र पुरानै अडान अनि पुरानै एजेन्डाहरू लिएर चुनावमा जानु दलहरूको लागि समेत आत्माघाती कार्य हुन सक्छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि पहिलो निर्वाचनमा भाग लिएको तत्कालीन संयुक्त जनमोर्चा नेपाललाई सानो शक्ति देखेर तत्कालीन सरकारले वेवास्ता गऱ्यो, उसले राखेका जायज मागहरू पूरा गर्नको बदला उनीहरूले के गर्न सक्छन् भन्दै उनीहरूलाई पेल्ने कार्य भयो । सानो शक्ति भनेर पेल्न खोज्दा राज्य कुन अवस्थामा पुग्यो भनेर एमाओवादी, नेपाली काँग्रेस र नेकपा एमालेले बुझ्नु पर्दथ्यो । अहिलेको नेकपा-माओवादी सहितका अन्य दललाई त्यसैगरी उपेक्षा गरिएको छ । तत्कालीन जनमोर्चा नेपालभन्दा नेकपा-माओवादी अहिले प्रभावशाली रहेको छ । नेकपा-माओवादीले ७५ वटै जिल्लामा आफ्नो प्रभाव देखाएको छ । एमाओवादीमा रहेका धेरै व्यक्तिहरू नेकपा-माओवादीमा रहेका र एमाओवादीका प्रशिक्षित पूर्व लडाकुहरू समेत नेकपा-माओवादीमा रहेका हुनाले नेकपा -माओवादीलाई बाहिर राखेर संविधान निर्माण गरिए पनि त्यसले शान्ति बहाली गर्ला र त्यो संविधान सबैलाई स्वीकार्य होला भनेर विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् । नेपालको अन्तरिम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको अवस्थामा राष्ट्रपतिले समेत संविधानको पालना र संरक्षण गर्न नसकेका र चार दलीय सिन्डिकेटका मात्र राष्ट्रपति भए जस्तो व्यवहार देखाएका हुनाले अब मुलुक फेरि द्वन्द्वमा गएमा त्यसको जिम्मेवारी चारदलीय सिन्डिकेट र राष्ट्रपतिले समेत लिनुपर्दछ ।

संविधानसभाको निर्वाचन जस्तो महत्वपूर्ण अवसर पटक-पटक आउँदैन । त्यसैले त्यसको सदुपयोग गर्नै पर्दछ । अघिल्लो संविधानसभाले त्यसको महत्व बुझ्न सकेन, नेताहरूले समयको महत्व बुझ्न सकेनन् र आफ्नो पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थमा मात्र रूमलिएर संविधानसभाको चार वर्षे कार्यकाललाई ठगी खाने भाँडो मात्र बनाए । अहिले फेरि हुन लागेको संविधानसभाको चुनावपछि गठन हुने संविधानसभाले सार्थक परिणाम देओस् भन्नका लागि नेकपा-माओवादीसहितका सबै दलहरूलाई चुनावमा सहभागी गराएर मुलुकलाई अब द्वन्द्वमा जानबाट जोगाउनै पर्दछ । सेनालाई चुनावमा परिचालन गरेर निर्वाचन सम्पन्न गराइए पनि त्यो चुनावलाई ठूलो जनमतले अस्वीकार गरेको खण्डमा जस्तोसुकै संविधान निर्माण गरे पनि त्यो संविधान संविधान नभएर कागजको खोस्टोमा परिणत हुने भएको हुनाले समय छँदै आ-आफ्ना गल्ती कमीकमजोरीलाई सच्याएर अगाडि बढ्नु नै मुलुक र नेपाली जनताको हितमा हुनेछ । अहिलेको अवस्थामा एउटा पार्टी जनतासँग मत माग्न जाने अनि अर्को पार्टी मत नहाल्न उर्दी जारी गर्ने क्रम जारी रहे जनता नै दुई पक्षको चेपुवामा पर्ने भएको हुनाले कुनै दलले आफ्नो दललाई वा निर्वाचनलाई प्रतिष्ठाको विषय नबनाइयोस् । सबै पक्षको सहभागितामा संविधान निर्माण भए मात्र त्यो मुलुकको हितमा हुन सक्छ नत्र मुलुक फेरि गृहयुद्धतर्फ धकेलिएको खण्डमा त्यसको परिणाम सहजै अनुमान गर्न सकिन्छ ।

*devendrachudal@gmail.com*

# लोकतन्त्रको अभ्यास कि लोकतन्त्रको विनास ?



राजन कार्की

सेना परिचालन गरेर हुन लागेको निर्वाचन र निर्वाचन विरोधीहरूको बिथोल्ने प्रयासले लोकतन्त्रको अध्यास हुनेछ कि लोकहत्याको ? यस्तो बिबादित निर्वाचनले राष्ट्रिय निकास पहिल्याउन सक्छ भनेर सरकार र संयन्त्रले भन्छ भने त्यसलाई आमजनसमुदायले मान्छ भनेर मान्न सकिन्न । जनादेशको अभ्यास आफैमा प्रजातन्त्रको सुन्दरपक्ष हो । निर्वाचनका माध्यमबाट जनताले व्यक्त गर्ने जनइच्छालाई बोकेर जनप्रतिनिधिहरूले शासन गर्छन्, कानुन निर्माण गर्छन् र मुलुकलाई बिधियुक्त सभ्यसमाजमा ढाल्ने गर्छन् । यति सुन्दरपक्षलाई राजनीतिक नेताहरूले बिगत ७ वर्षदेखि मजाक बनाइरहेका छन् । आफै अन्तरिम संविधानमा लक्ष्मणरेखा कोर्ने र आफै उल्लंघन गर्ने नेताहरूको असभ्य क्रियाकलापले राष्ट्रलाई वर्षातको कृष्णभीरमा लगेर उभ्याइदिएको छ ।

०६३ सालपछि राजतन्त्र र हिन्दूराष्ट्र फालेर शान्ति, संविधान, प्रजातान्त्रिक, समावेशीसहितको नयाँ नेपाल बन्छ भन्ने आश्वासन दिइयो, ती प्रतिवद्धता किन सात वर्षपछि पनि सपनामै सिमित छन् ? हिजो रक्तपातपूर्ण अराजकता थियो, आज पनि अराजकता र भय निरन्तर जारी छन्, यसको जिम्मेवार को ? कुन बर्गका कति नागरिक त्रासदीमुक्त छन्, भन्न सक्छन् नेताहरू ? आफैले लेखेको अन्तरिम संविधानमाथि बलात्कार गरेर राज गर्नेहरू मंसिर ४ को निर्वाचनपछि सबै ठिक हुन्छ, रामराज्य सुरू हुन्छ भन्न हिचकिचाइरहेका छैनन् । यसो भन्ने नैतिकता गुमाइसकेकाहरूलाई नैतिक ताकत तिनलाई कुन जनविश्वासले दियो ? नङ्गा नाचे हजार दाउ भनेको यही हो । भनिन्छ, जनताको स्तर जस्तो छ, तिनले त्यस्तै नेता पाउँछन् । जनता सहनशील भइदिदा, जनताले हस्तक्षेप नगर्दा नेताहरूलाई मनपर्दी गर्न छुट मिलिरहेको छ ।

हो, निश्चित हो, जनअभिमत बिनाको राज निरङ्कूशराज हुन्छ । ०७ साल अघिको जहाँनिया, ०१७ सालपछिको हैकमी अथवा अहिलेको सिण्डिकेट राजमा अन्तर नै कति छ ? यो अन्तर सधैंका लागि अन्त्य गर्नु थियो र बिधिबाट चल्नु थियो भने कार्तिक १२ गते मोहन बैद्यले बक्तव्य नै प्रकाशित गरेर गरेको गोलमेच सम्मेलन र सम्मेलनबाट निकास निकालौं भन्ने आग्रह किन मान्य भएन ? किन ३३ दललाई निर्वाचन बिथोलन, बहिष्कार गर्न जे गर्न पनि तैयार हुनुपर्ने बाध्यतामा धकेलियो ? सेना परिचालन भएको छ, अन्तर्राष्ट्रिय सहयोग र समर्थन पनि छ, निर्वाचन होला, के त्यो निर्वाचनले बिबादरहित, सर्वमान्य संविधान लेख्न सक्छ ? त्यस्तो प्रत्याभूतियुक्त विश्वास खिलराज सरकार अथवा संयन्त्रले जनतालाई दिलाउन सक्छ ? त्यो हैसियत र ताकत भए किन निर्वाचनमय हुनुको साटो अराजकमय बन्दैछ मुलुक ? यो स्थितिका लागि संयन्त्रको जिम्वाले जिद्दी हठ जिम्मेवार छैन ?

**०६३ सालमा सडकबाट सत्तामा पुगेपछि नेताहरू ...नङ्गा नाचे हजार दाउ गर्न थाले, नेताहरू जनताका आदर्शबाट च्यूत हुनथाले । चुनाव भयो, सत्ता परिवर्तन भइरहे । जनताले जनआन्दोलनको सामान्य उपलब्धिसमेत चाख्न पाएनन् । नेताहरूले भण्डार भरे, जनताको हात र मन रित्तै भयो । स्वार्थकै कारण संविधानसभाको हत्या गरियो । दोष जसले जसमाथि खन्याए पनि दोष नेताहरूकै हो । नेताहरू फेरि  मंसिर ४ को निर्वाचन गर्न कस्सिएका छन् । खराबहरूको भीडबाट कम खरावलाई जनप्रतिनिधिका रूपमा चुन्न जनता बाध्य छन् ।**

यहाँनेर यतिमात्र स्मरण गरौं, बिगत संविधानसभामा एकलजातीय संघीयता, संख्या, प्रणालीमा किन असहमति जनाइयो भने एमाओवादीका अध्यक्ष प्रचण्डलाई कार्यकारी राष्ट्रपतिका माध्यमबाट जनवादमा जान सकिने वातावरण भएन । मधेसी दलहरूको त सपना नै मुख्यमन्त्री बन्ने हो, उनीहरूको राजनीति नै सत्तास्वार्थ हो । कांग्रेस र एमाले त ०६४ सालको संविधानसभाको निर्वाचनबाट गएको सातो फर्काएर सम्हालिन सकेकै थिएनन्, उनीहरू हीनभावबाट गुज्रिरहेका थिए । बल्ल मंसिर ४ को संविधानसभाको दोस्रो निर्वाचनमा हौसला बुलन्द लिएर कांग्रेस र एमाले निर्वाचनमा होमिएका छन् तर तिनले पनि बैद्यसहितको ३३ दललाई सहभागी नगराई गरेको निर्वाचनबाट ग्रहण लागेको नतिजा आउँछ र संवैधानिक रूपमा प्रजातन्त्रको जग दह्रो पार्न सकिन्न भन्ने निष्कर्षमा त पुगे तर असन्तुष्टहरूलाई निर्वाचनमा सहभागी गराउने वातावरण निर्माण गर्ने अडानमा कायम रहन सकेनन् । अझ कांग्रेसले ७ अथवा एमाओवादीले भनेजस्तो ११ प्रदेशमा पनि जान सकिने दोधारे नीति पास गरेर कांग्रेसको फितलोपन नै देखाइदियो । बरू एमालेले ७ प्रदेश भन्दै कुनै विषयमा बिबाद भए जनमतमा जाने नीति लिएको छ ।

लोकतन्त्र मान्दिन भन्ने कुनै दल छैन । नेकपा-माओवादी र उसँग असन्तुष्ट भएर निर्वाचन बिथोलन हिडेका ३३ दलसमेत लोकतन्त्रका बिरोधी होइनन् । जब नेपालको राजनीतिमा कुनै दल पनि लोकतन्त्र बिरोधी छैनन्, आतंक अथवा युद्ध कुनै दलको नीति रहेन भने लो्कमतको आधार लिने जस्तो महायज्ञ- चुनावका लागि किन सर्वसम्मति कायम हुनसकेन ? यो प्रश्नको संविधान संशोधन गर्न आदेश दिनसक्ने, सरकारभन्दा माथि रहेका संयन्त्र नामधारी पार्टीनेताहरूले विश्लेषण गर्नुपर्ने हो । जिम्मेवारी पनि तिनमै बढी निर्भर छ । तिनले असन्तुष्टलाई बीचबाटोमै छाडेर चुनावमा जाने जाने निर्णय गर्नपुगे । यस्तो निर्वाचनबाट सत्ता मिल्नसक्छ, संविधान दिन सकिन्न भन्ने यथार्थ भुलेर संयन्त्रमा रहेकाहरूमा अहं र अहंकारमात्र देखिनु देशका लागि घातक साबित हुनसक्छ, शौभाग्य हुन सक्दैन । संयन्त्रमा बस्ने नेताहरूलाई थाहा होला, सद्दाम हुसेन अमेरिकी हठमा मारिएपछि संविधान दिइयो तर त्यो संविधानले इराकलाई आतंकमुक्त पार्न सकेन । गणतन्त्र नेपालमा पनि त्यस्तै वातावरण घनिभूत भइरहेको छ । अहिले एमाओवादी, कांग्रेस, एमाले भन्दैछन्- हामीले जिते संविधान बन्छ, नत्र कुनै हालतमा बन्दै बन्दैन । के यही हो, जनतासँग जनादेश माँग्ने तरिका ? सबैलाई थाहा छ, राजनीतिक दलहरू मिलेर जानुपर्छ भन्ने जनादेश जनताले हिजो दिएका थिए, मंसिर ४ गतेको निर्वाचनमा पनि त्यस्तै जनादेश दिनेछन् । त्यो अवस्थामा राजनीतिक सहमति बनेन भने संविधान लेखिन्न, कुनै हालतमा लेखिन्न । फेरि ठूलो जनमत बाहिर राखेर संयन्त्रले गर्न खोजेको के हो ? के निर्वाचन र निर्वाचनपछि असन्तुष्टहरूलाई आतंककारी भनेर डाम्ने र कारवाही गर्ने धरातल निर्माण त भइरहेको छैन ?

सन १७८९-१७९९ सम्म फ्रान्समा जनक्रान्ति भयो । अराजकतावादी ज्याकोवियन्स समूहले जनहत्या र रक्तपात मच्चायो । संचेतन बर्गले गुहार लगाए- हे स्वतन्त्रता, तिम्रो नाममा यो कस्तो अपराध भइरहेको छ ? (ूइज ीष्दभचतथ, ध्जबत अचष्भक बचभ अयकष्ततभम ष्ल तजथ लकभू) शक्तिशालीहरूमा विवेक, दया, माया केही देखिएन । त्यो कालखण्ड इतिहासमा अराजकताको राज ९च्भष्नल या तभचचयच० नामले बदनाम छ । पछि त्यो अराजकतालाई सबै मिलेर अन्त्य गरे । नेपाल त्यस्तो स्थितिमा छैन, नेपाल बहुजातीय (१२६ जातजाति) मुलुक हो । बढ्दो अराजकतालाई अन्तर्राष्ट्रिय अभिष्टवालाहरूले साँध लगाउँदै र उक्साउँदैछन्, अराजकता शान्त पार्ने आँट र अक्किल महत्वाकांक्षी नेताहरूमा पटक्कै देखिदैन । नेपालका नेताहरू अझै व्यक्ति, पार्टीका निहित स्वार्थमा लटपटिएका छन्, राष्ट्रिय स्वार्थबाट प्रेरित छैनन् त्यसैले हामीसँग राजनेता छैनन् । राजनेता भएको भए उसले सम्हाल्ने थियो । एमाओवादीले यसपटक प्रचण्डलँई राष्ट्रनेताका रूपमा उभ्याएको छ । जो एक बर्ग अथवा समूहको नेता बनिरहेको छ, जो राष्ट्रिय पहिचान बनाउन असमर्थ छ, जो जननेता बन्न सकेन, ऊ कसरी राष्ट्रनेता ? यसको व्याख्या एमाओवादी घोषणापत्र लेख्ने डा.बाबुरामलाई मात्र थाहा होला ? कतै निर्वाचन अराजकमय भयो भने १७८० को दशकमा फ्रान्समा गुहार लगाएझैं नेपालमा पनि हे लोकतन्त्र, तिम्रो नाममा यो के भइरहेको छ ? भन्ने दिन आउनसक्छ ।

४ वर्षे संविधानसभाको कार्यकाललाई भ्रष्टाचारमय बनाउनेहरूले अन्ततोगत्वा संविधानसभाको हत्या गरे अनि संसारमा बिरलै हुने संविधानसभाको दोस्रो निर्वाचनका लागि तैयारीमा जुटेका छन् । निर्वाचन अघि सम्पन्न गर्नुपर्ने शासकीय स्वरूप, संघीयता, मौलिक हक, चुनाव प्रणालीलगायतका विषयमा बिमति विद्यमान छन् । झट्ट हेर्दा राजनीतिक दलहरू जातिवादी, स्वजाति फुटाउ र राजगर नीतिमा विदेशी सहयोगको पोखरीमा पौडिखेल्न रूचाइरहेको अनुभव गर्न सकिन्छ । विदेशी भड्काउ नीतिको सीमाबाट उम्किएर स्वदेशको शान्ति र स्वतन्त्रता तिनको एजेण्डा होइन भन्न सकिने धेरै प्रष्ट आधारहरू छन् । तथापि देश निर्वाचनको स्थितिसम्म आयो, यो निर्वाचन जनप्रियताको आधारमा स्वच्छ, स्वतन्त्र, धाँधलीरहित र सुरक्षित वातावरणमा सम्पन्न भए देशले काँचुली फेर्न सक्छ । असन्तुष्टहरू जे गर्न पनि तैयार हुनु पहिलो असुरक्षा र अराजकता दोस्रो समस्या सिर्जना भएको छ । चुनाव हुनुपर्ने र चुनाव बिथोल्ने दुई कित्तामा जनमत बिभक्त भएका छन् र भिडन्ततिर उन्मुख भइसके । संविधान राजनीतिक दलहरू सहभागी भएर निर्भयताका साथ सम्पन्न सुकर्म अर्थात निर्वाचनको संविधानरूपी मीठो फल खान पाउनु पर्नेमा त्यही जनअपेक्षामा राजनीतिक दलहरू समर्पित हुनुपर्ने हो । हिजो धतुरो रोपियो, धतुरै फल्यो । मंसिर ४ को धान काट्ने मौसममा सहमति रोप्न सके संविधान फल्ने थियो, बन्ने थियो । प्रजातन्त्रको आवरणभित्र अधिनायकवादी बनेर कहिलेसम्म स्वदेशलाई विदेशी टाट्नो बनाइरहने ?

जनयुद्ध गर्ने समूल शक्ति जनआन्दोलनमार्फत जनादेशमा चल्छु भनेर लोकतन्त्रमा प्रवेश गरेको हो । यसका लागि राजतन्त्र, सीमा, नदी, सुरक्षा धेरै कुरा कुर्वानी गरिसकियो । कुर्वानीबाट पनि जनताले शान्ति र संविधानको बरदान पाउन सकेनन् । सात वर्षमा जे देखियो, जे भोगियो, घण्टाघरले घण्टा घण्टामा घण्टी बजाएर सन्देश दिइरहेको छ : समस्या राजनीतिक परिवर्तनमा होइन, नेताहरू बेइमानी र नैतिकहीनतामा छ । अव पनि नेताहरूले राजनीतिक इमान्दारिता र नैतिकतामा देखिएको कमजोरी नसच्याउने ? सपथ खाने, सपथ पूरा नगर्नेहरूले जनतालाई एक दुई चोटी झुक्याउन सक्छन्, सधैं झुक्याउन सक्दैनन् । यही समस्याले संविधानसभाको दोस्रो निर्वाचन नरसंहारको कृष्णभीर नबनोस् ।


**के तपाई धितोपत्र (शेयर,डिवेञ्चरआदि) मा लगानी गर्दै हुनुहुन्छ ? यदी गर्दै हुनुहुन्छ भने निम्न कुराहरूमा ध्यान दिनुहोस् ।**

- धितोपत्र बोर्डबाट प्रमाणपत्र प्राप्त गरेका धितोपत्र व्यवसायीहरु मार्फत मात्र धितोपत्रको कारोवार गर्नुहोस् ।
- धितोपत्र निष्काशनकर्ता कम्पनीको कार्य सम्पादन स्थिति,व्यवस्थापन पक्ष,जोखिम पक्ष जस्ता महत्वपुर्ण कुराहरुको विष्लेशण गरेर मात्र लगानी सम्वन्धी निर्णय गर्नुहोस् ।
- हल्ला वा कसैको बहकाउमा नआई आफ्नो स्वविवेकले नै लगानी सम्वन्धी निर्णय लिनुहोस् ।
- आफुले शेयर खरीद गरेको कम्पनीको साधारणसभा तथा त्यसले गरेका निर्णयहरु बारे जानकारी राख्नुहोस् ।
- लगानीकर्ताको अधिकार तथा उत्तरदायित्व सम्वन्धमा ऐन नियमले गरेका व्यवस्थाहरु प्रति सदैव सजग रहनुहोस् ।
- धितोपत्रमा लगानी सम्वन्धी तपाईका कुनै जिज्ञासा, शंका वा गुनासाहरु भए नेपाल स्टक एक्सचेन्ज लि. तथा नेपाल धितोपत्र बोर्डमा सम्पर्क राख्नुहोस् ।

धितोपत्र बजार सम्वन्धी जानकारीका लागि धितोपत्र बोर्डको वेव साइट www.sebon.gov.np, नेपाल स्टक एक्सचेन्ज लि.को www.nepalstock.com, सम्वन्धित ऐन नियमहरु तथा धितोपत्र बोर्ड र नेपाल धितोपत्र विनिमय बजार लि. का प्रकाशनहरु हेर्नुहोस् ।

लगानीकर्ताको हितका लागि प्रकाशित

**नेपाल धितोपत्र बोर्ड**

पो.व.नं ९०३१,जावलाखेल, ललितपुर  फोन नं .५५४१०५७, ५५४१०५८,
वेवसाइट : www.sebon.gov.np इमेल : sebo@ntc.np





# सुन्दर भविष्यको कल्पना गर्नु मूर्खता



अनिल योगी

राजनीतिक दलका नेताहरूले राष्ट्र र जनताको प्रगति गर्न खोजीरहेका छन भन्ने भ्रमबाट हामी नेपालीहरूले जवसम्म मुक्त हुँने कोशिष गर्ने छैनौं,तबसम्म प्रजातन्त्रले स्थायित्व पाउने वाला छैन । दलका नेताहरू राष्ट्र र जनताको प्रगतिका निमित्त राजनीति गर्दैछन् र हाम्रो भबिश्य सुन्दर हँदैछ भन्ने कुराको आसा र भरोषा हाम्रो कोरा कल्पना मात्र हुँनेछ । बारम्वार प्रजातन्त्र कमजोर बनाउने काम दलका नेताहरूका कृयाकलावले हुँने गरेको इतिहास साक्षि छ । जनताको जीवनमा परिवर्तन गर्ने नाममा दलका नेताहरूले राजनीतिको नाममा अत्यन्तै आपत्ती जनक अराजनीतिक कुकर्महरू गेरका छन् । चन्दा आतंक मौलाएको छ । अपहरण र फिरौतिको राज कायम भएको छ । राजनीतिको नाममा ब्यक्ति हत्या सहज रूपमा हुँने गरेको छ । देशभित्र सशस्त्र राजनीतिक समुहहरू बिस्तार भएका छन । नागरिक जीवनमा सुरक्षाको अवस्था नाजुक बनेको छ । समाजवाद र साम्मेवाद स्थापना गर्ने नाममा अस्थिर राजनीतिक मार्गलाई अवलम्वन गर्दै राष्ट्र र जनताको सर्वनाश गर्ने काम दलका नेताहरूले सहज रूपमा किन गर्दैछन शोचनिय बिषय भएको छ ।

यतिबेला यो नेपाली समाजलाई कसरी रूपान्त्रण गर्ने भन्ने चिन्ता भन्दा पनि नेपाली समाजका मानिसहरूका श्वभावमा राजनीतिक दलका नेताहरूले बिजारोपण गरेको बर्बतापुर्ण बिचार र अचेत अवस्थालाई कसरी सन्तुलित राख्ने भन्ने आजको मुख्य चिन्ताको बिषय भएको छ । यो देशको जनता राष्ट्र र श्वयम आफ्नो जीवनमा समेत संकट ल्याउने राजनीतिक दलका नेताहरूलाई काधमा बोकेर निरन्तर अगाडी बढीरहेको छ तर समाजमा कुनै प्रकारको सकारात्मक परिवर्तन आउन सकेको छैन् त्यतिमात्र होइन समाज सभ्मे पनि हुँन सकिरहेको छैन । आफुलाई क्रान्तिकारी भन्नेहरूले आफ्नो उद्धेश्य र लक्ष पुरा गर्ने नाममा जुन सीमासम्म हिंसाको राजनीतिलाई अबलम्बन गरे त्यो अनुसार राष्ट्र र जनताबीच आफ्नो राजनीतिक बिचार र छवीलाई जोगाउन असफल भएका छन् खराव उद्धेश्य राखेर गरिएको क्रान्ति र बलिदानले जनतामा आशा भन्दा पनि निराषा पैदा गराएको छ ।

कुनै पनि चरित्रको राज्यसत्ता होस् त्यो सङ्गठीत हिंसाको चरित्रका आधारमा अडेको हुँन्छ । राज्यको निर्माण नै हिंसाका माध्यमद्धारा हुने हो । जनताले आफना हक प्राप्तीका लागि गरिने क्रान्ति र संघर्ष असंङ्गठीत हुन्छन् ति आन्दोलन र क्रान्तिबाट राष्ट्र र जनताले ठुलो अपेक्षा गरेको हुन्छ । जनताका अपेक्षा र राष्ट्रको आवश्यक्ता पुरा गर्न नसक्ने राजनीतिक नेतृत्वले आन्दोलन र क्रान्तिको औचित्य पुष्टि गर्न सक्नु पर्दछ । नेपालमा भएका क्रान्ति र आन्दोलनका बिषयमा निकै चर्चा परिचर्चा हुने गरेका छन् तर ति आन्दोलन र क्रान्तिको कसैले औचित्य पुष्टि गर्न सकिरहेका छैनन् । आजको यूगमा पनि हाम्रा राजनीतिक दलका नेताहरू परिवर्तन भएका छैनन् । यस्तो छाडा समाज र प्रजातन्त्र बिपरित काम गरिरहेका राजनीतिक नेतृत्व भएको देशमा सुन्दर भबिश्यको कल्पना गर्नु मुर्खता हो ।

हाम्रो देशमा कुनै पनि राजनीतिक दलका नेता सच्चा प्रजातन्त्रवादी हुन सकिरहेका छैनन् । दलका नेता र कार्यकर्ताहरू आफनो भबिश्य सुन्दर बनाउन श्वयम आफनो जीवनको प्रवाह नगरिकन राजनीतिको नाममा गलत धन्दा मात्र गरिरहेका छैनन् मृतुको मुखमा परिरहेका छन । श्वार्थी बाहेक सच्चा प्रजातन्त्रवादी राष्ट्र र आफनो जीवन दाउमा राखेर यस्तो फगत राजनीति गर्न अग्रसर हुन सक्दैन । हामी नेपालीले प्रजातन्त्रको कुरा गर्दै गर्दा यो राष्ट्रको मर्यादा र महत्वलाई कमजोर बनाईरहेका छौं । आउने दिनमा हाम्रो देशको चित्र र जनताको भबिश्य कस्तो हुँदैछ भन्नका लागि दलका नेताहरूका बोलिचाली र बानिबेहोरा हेर्ने हो भने अत्यन्तै डरलाग्दो चित्र आखाका सामुन्ने आईरहेको छ । हामी नेपालीहरू प्रजातान्त्रिक राज्य ब्यबस्थाका पक्षमा हुनू आफैमा नराम्रो कुरा होइन तर हाम्रा आचरण र ब्यवहार प्रजातान्त्रिक छन कि छैनन् भन्ने कुरा जाँच्ने बिधि आजको दुनियाँमा भरपर्दो,सक्षम र सबल छैन् त्यो भनेको कुनै पनि देशको जनता नै हो । लोकतन्त्र वा प्रजातन्त्र जे भने पनि प्रगतिशिल राजनीतिक चेतनालाई मुर्तरूप दिने एउटा माध्यम मात्र हो सबै समस्याको समाधान नाम मात्र को ब्यवस्था हुन सक्दैन् त्यसो हुन्थ्यो भने त नेपाल नर्क होइन श्वर्ग बन्नु पर्थ्यो ।

राजनीतिक नेतृत्व र जनता अराजक भएको कुनै पनि राष्ट्रमा हिंसा र अशान्ति श्वभाविक रूपमा हुन्छ । त्यही बाहनामा श्वतन्त्र राष्ट्रमाथि बाह्‍य हमला समेत हुने गरेका छन् । हाम्रो राष्ट्र हिंसा र अशान्तिको मारमा अरू कसैका कारणले परेको होइन । राजनीतिक दलका नेताहरू अराजक र अशिष्ट हुनू र जनतालाई प्रजातन्त्र वा लोकतन्त्रको मुल्य,मान्यताका बिषयमा राम्रोसँग ज्ञान हाँशिल नहुनू जस्ता कारणले यो राष्ट्र हिंसाको चपेटामा परेको हो । शान्तिपुर्ण राजनीतिक मार्गलाई कायर र काथरहरूको बाटो हो,हिंसा र बल पर्योगबाट मात्र सबै प्रकारका अधिकार प्राप्त गर्न सकिन्छ भन्ने राजनीतिक चिन्तन जवसम्म समाजमा हावी रहन्छ तवसम्म समाजमा अशान्ति र अराजकता बढ्दै जानेछ घटने सम्भावना छैन । यस्को अर्थ अराजकता र अब्यवस्थाको जड हिंसात्मक राजनीतिक चिन्तन र धारणा मात्र होइन,समाजमा ब्याप्त गरिवी,अन्याय,अत्याचार,अशिक्षा र बेरोजगारी पनि मुख्य कारण हुन ।

प्रजातान्त्रिक शासन ब्यवस्थामा कुनै पनि राजनीतिक शक्तिलाई समय र प्रस्थितिले बलियो र कमजोर बनाउन सक्छ तर निरन्तर उनीहरूको उद्धेश्य भनेको राष्ट्र र जनतालाई कसरी बलियो बनाउने भन्ने नै हुनू पर्दछ । नेपालको राजनीतिमा दलका नेताहरूबाट त्यो प्रकारको राजनीतिक चिन्तन मुखरित हुन सकिरहेको छैन । शान्तिपुर्ण आन्दोलन होस् वा हिंसात्मक युद्ध बिदेशीहरू र त्यहाँका गुप्तचर संस्थासँग साठकाँठ गरेर देशमा प्रजातन्त्रको ठाउँमा लोकतन्त्र भनेर बहकिनु र त्यसैका आधारमा राजनीतिक स्थायीत्व खोज्नु हामी नेपालीको मुर्खता नै हो । कुनै पनि आर्दश राज्यमा अमुक राजनीतिक दल र केही नेताहरूको बाह्‍य शक्तिहरूसँगको साँठगाँठमा मात्र श्वतन्त्र राज्यको जीवनलाई प्रभावित गर्न सक्दैनन् । हाम्रा नेताहरूले बाह्‍य शक्तिका आडमा देशभित्र राजनीतिका नाममा जुन प्रकारका खेल खेलिरहेका छन् तिनै खेलका कारण राष्ट्र कमजोर बनिरहेको छ । हामी नेपालीहरू यति आत्मघाति कुरा भन्दैछौं कि यो राष्ट्र राज्य नै बनेको छैन ।

प्रजातन्त्रलाई हामीले राष्ट्र र जनताको सुरक्षा गर्न सक्ने ब्यवस्थाका रूपमा स्थापना गर्न सकिरहेका छैनौं । अराजकता र अब्यवस्थाको कारक तत्व हाम्रो राजनीतिक चिन्तन र कार्यशैली थियो तर त्यसको दोष निश्प्राण ब्यवस्था माथि थोपरिन खोजिदैछ । राजनीतिक दलका नेताहरू गैरजिम्मेवार भएको हुनाले राष्ट्रको बर्वादी गर्न उनीहरूलाई कुनै प्रकारको असजिलो महशुस भएन । देशलाई संबिधान बिहिन बनाईयको छ,समाजमा हरेक मानिसले राज्यको कानुनू आफनो हाथमा लिने होडवाजी नै चलेको छ, मानिसका आधारभूत आवश्यकता पुर्तिहुन सकिरहेका छैनन् राज्यको महत्व बढ्नुको सट्टा घटिरहेको छ । प्रजातन्त्र भनेको अरूका भरमा संचालन गर्ने ब्यवस्था होइन यसको आफनै खालको महत्व र सन्चालनको बिधि हुनू पर्दछ । राजनीतिमा नेपालका अत्याधिक मानिसहरू लागेका छन तर देश र जनताको अवस्था दिनप्रतिदिन कमजोर बनिरहेको छ । यसले के कुराको पुष्टि गरिरहेको छ भने राजनीतिमा धेरै मानिसहरू लाग्दैमा प्रजातन्त्र फस्टाउन सक्दैन । जनताका प्रतिनिधि कमै भए पनि तिनले जनताको भावना,आशा र महत्वकांक्षाको प्रतिनिधित्व गर्न सके भने प्रजातन्त्रलाई बलियो बनाउन सक्छन । धेरै मानिसले जोड जर्वजस्ति गरेर प्रजातन्त्र बलियो बनाउन सकिदैन भन्ने कुरा आम नेपालीले अब बुझ्न ढिलाई गर्नु हुँदैन ।

प्रजातान्त्रिक ब्यवस्थामा जनता कमजोर हुनू भनेको दूर्वल पक्ष हो भन्ने कुरा नेपालीहरू मान्न तयार छैनन् । नेपालमा राजनीतिक दलका नेताहरूको संख्या भन्दा जनताको संख्या अपाहर ठुलो छ तर जनता र राष्ट्रका बिरूद्ध सानो संख्यामा रहेका नेताहरूले बद्माशी गरिरहेका छन । तिनका बिरूद्ध जनताका तर्फवाट सकारात्मक,शान्तिपुर्ण र सयूक्त आवाज उठ्न नसक्नु आजको अवस्थामा बिडमवना हो । प्रजातन्त्रका पक्षमा हामी जति गफ गरिरहेका छौं त्यति नै हामी एकअर्का प्रति असहिष्णु भैरहेका छौं, प्रजातन्त्र प्रति र आफनो ध्ययप्रति पनि आस्था छैन भन्ने कुराको यो बलियो प्रमाण हो । प्रजातन्त्रमा कानुनू बनाउनुभन्दा पहिला जनतालाई त्यसका बिषयमा धैर्यपुर्वक आवश्यक जानकारी दिनु राजनीतिक दलका नेताहरूको कर्तब्य हो तर हाम्रो देशका नेताहरू यो सत्य मान्न तयार छैनन् । जोड जर्वजस्ति गरेर बनाईने कानुनू जनताका लागि स्वीकार्य नहुन सक्छ भन्ने कुराको हेक्का राखिएको छैन । सत्ता र शक्तिमा पुग्दा अन्दा र बहिरा जस्तै हुने,आफनै नाक मुन्तिर हुने बिकराल चित्र पनि नदेख्ने र आफना कानमा ठोक्किने शब्द पनि नसुन्ने शासकहरूको बिश्वब्यापि चरित्र नै हो । सबैलाई चेतना भया ।

yogianil20@yahoo.com




## PAF Nepal
## Working to end extreme poverty

POVERTY ALLEVIATION FUND NEPAL 2060 B.S.

Poverty Alleviation “und (PA“) was established in 2004 as a special and targeted programme to bring the excluded communities in the mainstream of development, by involving the poor and disadvantaged groups themselves in the driving seat of development efforts.Initially established under a separate ordinance in 2004, PA“ is now governed by an act since 2006. PA“ is implemented through a 12 members Boards chaired by the prime minister.

The objectives and approach

PA“ is contributing on bringing the level of poverty down to 10 percent in 20 years in pursuant with the long term goal of Government of Nepal; and reduce poverty by half by the year 2015 as per the Millennium Development Goals (MDGs)

A“ has followed six guiding principles: namely (a) Targeted to the poor (Antodaya) (b) Social Inclusion(Samabesi) (c) Demand Driven approach( Maag Anusar) (d) Transparency (Pardarsita), (e)Direct funding to community organizations of the poor(Prataksha Bhuktani), and (f) Community Institutional Development(Samudaya Ko Sansthagat Bikash)

Social Mobilization, Income Generation, Small Community Infrastructure Development and Capacity Building are the four major programme components of PA“. The target beneficiaries of PA“ are the poor women, *Dalit, Janajatis*, and the vulnerable communities living below the poverty line.

The coverage and the progress so far

Working in 40 programme districts, PA“ has helped target communities to be organized into over 22,000 different Community Organizations to implement thousands of community sub-projects related to income generation and infrastructure, aiming to secure their livelihoods. Similarly PA“ has helped over 600 thousand CO member households to gain access to resources and develop their own projects aimed at improving their lives. Among the CO member households, the majorities are *Dalits, Janajatis,* Muslim and poor woman. Similarly 66 per cent of beneficiaries' households are hardcore poor who has food sufficiency for less than 3 months. As part of the PA“ continued emphasis on institutional development a total of 92 Multi-purpose co-operatives, 1,013 federation of COs have been formed at the local level, as of December, 2012. An independent evaluation study conducted by Tribhuvan University and World Bank in 2010 shows that the net program impact on per capita consumption growth is 49 % for PA“ money recipients for at least six months and incidence of food insecurity has declined by 18 %. Also, PA“ has increased poor communities' access to basic services and helped to increase school enrollment rate among 6-15 year children by 15 %.



## बार्षिक साधारणसभा बारे सूचना

**यस समान बचत तथा ऋण सहकारी संस्था लि. सवलबहाल को पाँचौं वार्षिक साधारण सभामा सम्पुर्ण सदस्य महानुभावहरुलाई उपस्थित भई दिनु हुन यसै सूचना द्वारा हार्दिक अनुरोध गर्दछु ।**

मिति : २०७० कात्तिक २२ गते
समय : अपरान्ह २,०० बजे
स्थान : द बेकरी क्यापे सुन्धारा काठमाडौं ।

राजीव श्रेष्ठ
अध्यक्ष

**समान बचत तथा ऋण सहकारी संस्था लि**

# अर्थतन्त्र धरासायी हुन थालिसक्यो, सचेतता खोई ?

*बेदजंग बझांगी*

हामीलाई राम्रेसंग ज्ञातभएको कुरा के हौ त रू भने सामन्तीशासनका अबशेषहरू न पुरा निर्मूल हुन्छ, न निर्ममतापूर्वक सामन्ती र सो प्रथाको अन्तनै हुन्छ । कथित नेपाल सरकार लगानी बोर्डको गठन नेपालको ईतिहासमा पहिलोपटक २०६८ मा भयो तर पुँजिबाद र गणा तन्त्र स्थापना हुनुको साथै नेपालको अन्तरिम संबिधान २०६८ धारा ८३ कानुन नं ७ संबत २०६८ को नेपालराजपत्र उल्लेख गरिए अनुसार गठन गरीतापनि ् हाल सम्मन उक्तबोर्ड बाट लगानिको नाममा ल सम्म उच्चारणा भएको छैन र भेटगर्न तपाई चाहनुहुन्छ भने उल्टै झापड र तिरस्कार मात्रै पाउनु हुनेछ यो भन्दाबिडम्बना अरू के हुन सकला ?

भनिन्छ लगानिबोर्डमा प्राबिधिक र प्रशासकीय गरी थुप्रै जनशक्ती कार्यरत छन तर यो कार्यालय स्थापना भएको र लगानिबोर्ड ले सूचना र प्रस्ताब मागेको १ बर्ष हुनलाग्दा पनि हाल सम्मन कुनै अत्तोपत्तो छैन र नयाँ नेपालका पुराना जनताबाट कथित कर उठ्ति र हाकिमहरूको शानसौकत भन्दा अरू केही पनि जनताले पाउन सकेका छैनन् ।

एकातिर नेपाल राष्ट्रबैंक द्वारा बाणिज्य बैकहरूमा निक्षेपमा जम्मा रकम सूचना जारी गरेर रिभर्सरिपोको सूचना प्रकाशित गरी बाणिज्य बैंकहरूमा फ्रिजभएको रकम निर्ब्याजी रूपमा रकम लिईदैछ सायद सरकारसँग रकमको अभावमा अबस्यै ६०-७० अरब भन्दा बढी रकम सरकारले लिनचाहेको त अबश्यै हैन र लगानि बोर्डको यो कार्य बुझ्न सकिएन ।

सबै ठाउँ र देशका मानिसहरू र ब्यबस्थाहरूमा आज बिश्वभरीका साना र ठूला देशका नेता र अभिनेताहरू समेत ले बिस्वब्यापि आर्थिक संकट र मौद्रिक अर्थशास्त्रमा विचलन आइसकेका कुराहरू आज भन्दा ४ बर्ष अगाडी मैले जनादेश साप्ताहिकको २०६५ माघ २१ गतेको ् पत्रिकाद्वारा प्रकाशन गरेर सतर्क गराएकै हो । यद्यपि सरकारभित्र छाएको कर्मचारी तन्त्रको दिमागमा पसेन र उनीहरू आफैमा भएको अज्ञानतालाई ढाकछोप गरिदैछ । अझै पनि बेवास्ता र अटेर गरीरहे बिश्वभरीका जनताले भोग्दै आएको संकट नेपाली मौद्रिक अर्थ नीतिले पनि भोग्नपर्ने छ । खतरा देखिइसक्यो ।

मुद्रास्फीतिको मामला सबै देशहरूमा गहनताको विषय हो तापनि हाम्रो देशभित्र नव उपनिबेशवादको भुतले पिछागरेको तथ्यलाई नकार्न भने सकिदैन, घाम लागेझैं सवैतिर चकमन्न देखिएको छ जो देशी तथा बिदेशीहरूद्वारा संरक्षित छन । विगतका ऐतिहासिक तथ्यलाइ अध्ययन गरीने हो भने १९१७ को उपनिबेशी भारतले पनि हाम्रो झैं मुद्रा स्फीतिको समश्याले भारतीय मौद्रीक अर्थसास्त्रको नियम अनुसारै ब्रिटीस स्टरलिंग पाउण्डसँग २, ४ पटकनै अबमुल्यन र पुर्नमुल्यन गर्न ब्रिटीस ईन्डीया बाध्य भएको थियो । त्यसैगरी अमेरीका र फ्रान्स तथा जर्मनीले पनि अबमुल्यन गनु पर्‍यो र जापान सरकार लाइपनि त्यो ब्यथाले छाड्न सकेन । आजको बिश्वमा बिगतका इतिहास लाई वेवास्ता गरी दिनेहो भने मानब जिबन नै तहसनहस हुनसक्छ । नेपाललाई नब उपनिबेस देशको रूपमा हेर्न चाहनेहरूको सोचाई पनि यही नै हौ । राजनीतीका आन्दोलनलेमात्रै उपनिबेशका एजेन्टहरूलाई तह लगाउनु ज्यादै कठीन र भोलापनहो । तसर्थ सैद्धान्तिक आधारहरू पनि प्रखर र स्वतन्त्रतापृय हुनु जरूरी छ । तर नेपालीले सोचेजस्तो निर्मल सोचाई राख्ने र मौद्रिक अर्थशास्त्रको अनुशरणा गर्ने न त नेपालका मपांईबादभित्र मस्त रहने नेताहरू देखिए र न त स्थाई सरकारका जिम्मेवार कर्मचारीतन्त्रका उच्च पदस्थ कर्मचारी । तसर्थ, यो मौद्रिक अर्थशास्त्रको बागडोर संहाल्ने ब्यक्तिहरू नै अर्थशास्त्रका ज्ञाता भन्दा आफु कमाउ तन्त्रका पुर्ण ज्ञाताहरू नै नेपालको राजनीति बागडोर संहाल्ने कथित ब्यक्तिहरूै हाबी हुनपुगे । जस्को फलस्वरूप नेपाली जनताको चाहना मनभित्रै सिमित हुनपुग्यो । अझै देशले मागेको स्वाधिनता र जनताका चाहनाहरूलाई सम्बोधन हुन सकेको छैन र यही चालाले हुने पनि छैन । सबल अर्थतन्त्र जनतालाइ झुक्याउने गफले हैन बरू सँच्चिकै अर्थबिज्ञहरूको ब्यापक सहभागिता र नियोग गठन गरेर प्रतिबेदन माग गर्नु र सो अनुसार कार्यनितीको चयन गरिएमा मात्रै संभावना देखिन्छ । अन्यथा, हात्ती आयो हात्ती आयो फुस्सा मात्र हुनेछ । त्यतिमात्र हैन, नागरिक लगानि बोर्डले हाल सम्मन पनि एउटा पनि प्रोजेक्टमा लगानिकर्ता जुटाउन नसक्नु अझै ताजुबलाग्दो स्थिति हो । बोर्डबाट कुनै भरपर्दो जिम्मेवारी बहन किन हुन सकेन ? वा प्रयासै गरिएन भन्ने आशंका जन्मायर प्रस्ताबकहरूलाई अझै अनिश्चयको भुमरीमा पारीदिएको छ । यस्तो खुकुलो ब्यबस्थापनले, कसरी नेपाललाई आत्मानिर्भरता दिलाउने हो ? तसर्थ किन र कसरी तमाम ब्यबस्थित गर्ने हो ? माथि चर्चागरीएका कुराहरू बास्तबमै ज्यादै दु:खदायीपूर्ण हो ।

लगानिबोर्ड ऐनको उद्देश्य अनुसार संपूर्ण अधिकार सम्पन्न त छंदै छ, तर पनि लगानिको सुनिश्चीत गर्न नसक्नु र देशभित्र र विभिन्न सहकारी तथा निजी संस्थाबाट लगानि हुन नसक्नु भने कुनै प्रकारको कु उपनिबेशिक चक्रब्युहमा त हामी र हाम्रो देश र लगानिबोर्ड वा यस्का प्रमुखहरू त परेका छैनन् ? मौद्रिक अर्थशास्त्रले त लगानिबोर्डलाई कुनै अदृश्य शक्तीले त रोकेको छैन ? यस्ता तमाम स्थितीको सामना गर्न नेपाल सरकार लगानि बोर्ड किन पछी परेको छ ? लगानिबोर्डले आन्तरीक आर्थिक श्रोतको र लगानिको संकट भएमा उसले अथबा नेपालको आन्तरिक संबिधान २०६३ को ८३ को आधारमा उक्त लगानि बोर्डको गठन गर्नु कुनै औचित्य नै थिएन ? र साथै लगानि बार्डले नेपालको संबिधान र लगानिबोर्ड ऐन २०६८ को बिरूद्ध उक्त बोर्डलाई कुनै प्रस्ताब स्वीकार गर्ने वा नगर्ने अधिकार उल्लेखित ऐनले कसैलाई दिएको छैन । तर उक्त लगानि बोर्डले लगानि ऐन २०६८ को ठाडो उल्लंघनको पत्र मुख्य सचिबको कार्यालयमा पेश हुंदा कारबाहि नै नगरि अधिनायक शैलिमा मौनता धारणा गर्नुको औचित्य के हो ? र मौद्रिक अर्थशास्त्रको मात्रै हैन कि संबिधान र कानुनको समेत ठाडो उलंघन भएको छ । माथि उल्लेखित तथ्यांक र संबिधान तथा कानुनलाई बेवास्ता गर्नुको कारणे के हो ? अर्थशास्त्रीय नियमअनुसार सार्वजनिक अर्थशास्त्रले दिएको सार्बजनिक ऋणको श्रोतलाई उल्लंघन गरेर नेपाल सरकारको लगानिबोर्डले के नाटक गर्न खोजेको हो ? अख्तीआर दुरूपयोग अनुसन्धान आयोगले के हेरेर बसिराखे को छ ? अब उस्को जिम्मेवारिको पालना पनि जनताले हेर्न आबश्यक देखिएको छ । अथवा उक्त आयोगको काम तलब भत्ता पचाउनेमात्रै हो की कारबाहि पनि गर्ने हो ? आखिर संपूर्ण कुराको भार अथवा बोझ थेग्ने जिम्मेवारी त सम्पूर्ण जनताकै त हो नि । सामान्यतया सम्पूर्ण अधिकार सम्पन्न, सरकार, लगानिबोर्डका अध्यक्ष प्रधानमन्त्री अथवा मन्त्रीपरीषदका अध्यक्ष नै भएको, लगानिबोर्ड लगातार, अनाथ र असक्षम संस्थाझैं किन देखिन्छ ? सार्बजनिक अर्थशास्त्रको नियम अनुसार सरकारले सार्बजनिक संस्थान वा संस्थाहरू र सार्बजनिक क्षेत्र तथा गैर बजार क्षेत्रबाट पनि रकम ऋण लिनसक्ने बिभिन्न ब्यबस्था छ । तर यी सबै कुराको वेवास्था वा उपेक्षा गर्नुले मन्त्रीपरिषद अध्यक्षको बा लगानिबोर्डका कार्यकारी अधिकृतको लापरवाहि देखिन्छ । के जनताले गणतन्त्रको लागि रगत बगाएको , कथित अधिकारीहरूका लागि मात्रै हो ? कर्मचारीतन्त्रका बागडोर संहालेर बस्ने मुख्यसचिबको जिम्मेवारि पनि यही हो ? तमाम माथिका कुराहरू कुनै तर्कमात्रै नभएर बस्तुगत आधारमा तयार गरी लेखिएकोले हिम्मत छ भने जबाफदिने वा यथार्थको आधारमा कार्य गर्ने साहस देखाउनु पर्छ । सार्बजनिक अर्थशास्त्रको सिद्दान्तअनुसार बिकासोन्मुख देशहरूमा, कर्मचारी संचयकोष, नागरीक लगाानि कोष, जस्ता संस्थाहरूले आफुसँग भएको रकमको पचास प्रतिसतसम्म रकम लगाानि गर्ने प्रचलन छ तर नेपालमा किन हुन सक्दैन् ? नेपालमा वेवास्ता भएको त होइन ? नेपाल लगानिबोर्ड सभा सम्मेलन, भोजभत्तेर, बिदेश भ्रमणजस्ता ऐयासमै आफुलाई सम्मिलित गराउंदै समयबिति रहेकैछ । नेपालमा रहेका निजीक्षत्रका बाणिज्य बैंकहरूसँग तरलताको अत्याधिक संचय हुनाको कारण, नेपाल राष्ट्र बैंकले करिब ७५ अरबभन्दा बढी रकमको, तरलता प्रशोधन, रिभर्शरिपो जारी गरी सकेको छ । अधिक तरलताको कारण, नेपाल राष्ट्र बैंकले, सायद ज्यादै न्युन ब्याजदरमा उक्त रकम आफनो अधिनतामा लिन लागेको हो । अर्कोतर्फ रेमिटेन्स भित्र्याउने चक्करमा रोजगारि खोज्न बिदेसिएका नेपालीहरूको दैनिक मृत लाशहरू, त्रिभुवन अन्तराष्ट्रिय बिमान स्थलमा भित्रियको तथ्यांकले मानिसहसको पिडा लाई थाम्न सक्ने क्षमताको रूग्ण अबस्थालाई कुन प्रकारले सहने र हेर्ने ?

यसैगरी संसारको, परीबर्तनको ईतिहासलाई हेर्नेहो भने त्यही अर्थमा बुझ्नेहो भने नेपालको क्रान्तिप्रति धोखा र गद्दारी भएकै हो । हुनसक्दछ त्यो क्रन्ति २ बर्षभित्रै पुरा हुनेछ अथवा अर्को १० बर्षको लागि नेपाली जनताले अर्को नेतृत्वको चयन गर्नैपर्ने छ, यो कुरा बिनाबादलका घामझैं छर्लंग्ग छ । २०६३ सालमा भएको परीबर्तन एउटा धोखाभित्रको खेलिएको अचानकको खेलमात्र हो तसर्थ अबका दिनमा आउने क्रान्तिको ढोका अहिलेको तुलनामा राम्रोसँग खुल्ने छ ।

यथार्थमा नवउपनिबेसबादि चिन्तन ले हामी पनि १९१७ को भारतभन्दा फरक छैनौ । जनआन्दोलन अथवा आतंकबादको नाममा रू ९० अरब कथित जनमुक्ती वा जनसेनाको नाममा २० अरब र कथित संबिधानसभाको नाममा १ खरब (जम्मा २ खरब १० अरब त खर्च भैसक्यो र नेपाली जनताले करको रूपमा भुक्तानी गरीसके) अब संबिधानसभाको अर्को नाटकको मन्चनभएको छ तर संबिधान बन्दछ भन्ने ग्यारेन्टी के छ ? अझै नेपाली जनताले कतीवटा परीकल्पना भौग्नपर्ने हे ? आर्थिक मुद्दा धेरै परको कुरा हो । १९४१ ताका भारतीय मुलका, ५ अमेरिकी मध्य एक डा. रबिन्द्रबात्रा नाम गरेका अर्थशास्त्रीले तत्कालको घोषणा अनुसार सन २०२० को दशक सम्ममा, विश्वको अर्थतन्त्रमा अतिब्यापक रूपले मुद्रास्फीति हुने र त्यसको अबधिभित्र विश्वभरि आउने आर्थिक मन्दीका कारण, राजनीति अथवा पुँजिबादि सत्ताले बिश्वको राजनीतिमा समाजबादी अर्थ व्यवस्थामा लिन हुने कुराको उद्घोषणा गरेका थिए, अबको अर्को दशकसम्मनमा, शायद डा. रबिन्द्र बात्राको उदघोषषणा अनुसार नै हुने संकेत मिल्दछ । हाल बिश्वभरि देखिने अराजकताबाद र सामान्य मुक्तिमा प्रबेश गरेका देशहरूमा उल्लेखित नीतिमा अराजकताको रोगले क्याप्त देखिन्छ र यसै अराजकताको चरम अवस्थाहरूले माथि उल्लेखित स्थिति श्रुजना हुनु आश्चर्य हुनेछैन ।



# तेस्रो विश्वयुद्धको रोकथाम कसरी गर्ने ?

जोहान गाल्टुङ

ओस्लो/ तेस्रो विश्वयुद्ध असम्भव छैन, तर सौभाग्यवस त्यो असम्भव झैं देखिएको छ । त्यो किन हो खोजी गरौं, र यसलाई रोक्नका निम्ति के गर्न सकिन्छ ।

अत्यन्त खराब परिदृश्यमाथि विचार गरौं । पश्चिमा- नाटो, अमेरिका, इयूसँगै जापान-ताइवान-दक्षिण कोरिया र पूर्वी राष्ट्रहरू- शाङ्घाइ सहयोग संगठन ( एससीओ) सँगै रूस, चीन, मध्य एसियाली राष्ट्रहरु सदस्यका रूपमा तथा भारत, पाकिस्तान, इरानहरु पर्यवेक्षकका रूपमा- बीच हुन सक्ने युद्ध नै विश्वयुद्ध हो । दुवै पक्षका चारचार देशसँग आणविक सामर्थ्य छ र पश्चिमविरूद्ध ईस्लामको मुद्दा मुख्यरूपमा उठेको छ । केन्द्रमा विभाजित क्षेत्र ( इजरायल-प्यालेस्टाइन) र जेरूसेलमको विस्फोटक परिस्थिति छ, यो राजधानी सहर पनि एउटा पर्खालले विभक्त छ ।

हामी यस्तै अवस्थाबाट आएका हौंः शीतयुद्ध, र पश्चिम विरूद्ध वामपन्थ नै मुख्य मुद्दा रह्यो । केन्द्रमा विस्फोटक विभाजनकारी शक्ति जर्मनी थियो, र राजधानी सहर बर्लिनलाई पर्खालले छुट्याएको थियो । र, आज विभक्त कोरिया छ, जसलाई असैनिक क्षेत्रले छुट्याएको छ । साथै, अहिल्यै सोझो, तातो युद्ध भइहालेको छैन, तर लुकिछिपी भइरहेको छ, कोरिया, भियतनाममा । किन ?

शंका गर्नु पर्दैन आणविक युद्ध नहोस् भन्ने एउटा पक्ष विगतदेखि नै बलियो थियो । एकपटक तिनीहरु यसको प्रयोगको अवस्थामै पुगिसकेका थिए, १९६२ को क्युबा-टर्की क्षेप्यास्त्र संकटकै जस्तो गरी समाधान गरियो । आज पनि आणविक शक्तिको प्रयोग नगर्ने पक्ष नै बलियो छ, इजरायलमाथिको आक्रमणलाई सीमित गरी अरब-मुस्लिम राष्ट्रहरु खासगरी सिरिया-इरानमाथि इजरायली आक्रमणमा अमेरिकी सहायता र रूस-चीनमाथि हुने कुनै सम्भावित आक्रमण । तर, आणविक शक्तिको प्रयोग नगरी सकारात्मक शान्ति हासिल भइरहेको छ भन्ने कुरा पूर्ण सत्य भने होइन ।

शीतयुद्धकालीन नाटो-वार्सा सन्धिमा तीव्र ध्रुवीकृत थियो, गोप्य प्रहरी नियन्त्रण सम्पर्क स्थापित थियो, वाक र विचारमा लगाम थियो । तर विश्व त्यसअनुरूप ध्रुवीकृत थिएनः त्यहाँ ठूलै शक्तिका साथ असंलग्न आन्दोलन क्रियाशील थियो । युरोप पनि ध्रुवीकृत थिएनः त्यहाँ १० वटा तटस्थ वा असंलग्न मुलुक थिए । र अन्ततः युद्धविरोधी एउटा बलियो आन्दोलनको थालनी भयो ।

नाटो र एससीओ प्रणाली कमै मात्र ध्रुवीकृत छ, तर विश्व र युरोप अझ बढी छ । जहाँसम्म, असंलग्न आन्दोलन नभए बलियो शान्ति आन्दोलनको सम्भावना पनि रहँदैन ।

राष्ट्रसङ्घको मतदानले देखाएको छ, तीन चौथाइले प्यालेस्टाइनको पक्ष लिए भने अमेरिका-इजरायलले विपक्षमा मत जाहेर गरे । विश्वले नै अमेरिका-इजरायलको वास्तविक सीमा वा १९६७ को सीमाको रक्षा हुनु हुँदैन भन्ने धारणा राखेको छैन, तर बलजफ्ती र जबर्जस्तीको खिलाफमा विश्व जनमत देखिन्छ । बलजफ्तीको नीति उल्ट्याइए उनीहरूले आफ्नो नैतिक धरातल उच्च बनाउन सक्नेछन् ।

तर अझै कसैले पनि हेल्सिन्की सम्झौताजस्तो ठोस शान्ति नीति ल्याउन सकेका छैनन् । यसको प्रमुख कारण नै पश्चिम-ईस्लाम र पश्चिम-वामपन्थ द्वन्द्वबीचको मतभिन्नता हो । ईस्लाम, ईस्लामिक सहयोग संगठन, ले विश्वमै पश्चिमको भन्दा बढी क्षेत्र र जनसंख्या ओगटेको छ, तर पश्चिमको जस्तो त्यसका अन्य साथीहरु कम छन्, जस्तै रूस-चीन-भारत वा दक्षिण अमेरिका र अफ्रिका । इजरायललाई छाडेर अन्य सबै स्थानमा आप्रवासन-जन्म-परिवर्तनबाट ईस्लामी डायस्पोराको संख्या व्यापकरूपमा बढेको छ । कुनै महाशक्ति होइन, संगठित होइन, केवल ईस्लामिक संगठन छ, तर यसको उपस्थिति सबै ठाउँमा छ ।

परिणाम अनिश्चित र त्रास छः उनीहरु के चाहन्छन् ? अन्य विश्व धारणामाथि नै यो चुनौती हो, र यसलाई अभिव्यक्तिको स्वतन्त्रता र धर्मले प्रत्याभूति गर्दछ । ईस्लामले निकटता, मैत्रीलाई आत्मसात गर्दछ भने उनीहरूको विचारमा पश्चिमले भौतिकवादी व्यक्तिवाद र अहंकार जन्माउँछ ।

तर ईस्लामले पनि पश्चिमी संस्थाहरूमाथि अनिच्छुक परिवर्तन गर्न चुनौती दिइआएको छ । पश्चिमा धर्मनिरपेक्ष राष्ट्रहरूले चर्चविरूद्धका संघर्षहरु जितेका छन् । यो निरपेक्षतालाई मुस्लिम कोलोनीहरूमा पनि पुऱ्याइएको थियो र यसको बचावटका निम्ति राज्य नै अग्रसर थियो । आज ईस्लामिक डायस्पोराका केही हिस्सा पछि फर्किरहेका छन्, उनीहरु राज्यभन्दा अल्लाहप्रति बढी आसत्तैलीँको माग गरिरहेका छन् । उनीहरु पश्चिमी मुलुकप्रतिको निष्ठालाई त्याग्ने प्रयत्नमा पनि लागेका छन् ।

आप्रवासनलाई शान्ति निर्माण प्रयत्नका रूपमा अघि सार्न आप्रवासीले आश्रित देशको कानुन र प्रचलनलाई शिरोधार्य गर्नु पर्दछ, एकअर्काबीच संवाद हुनु पर्दछ र दुवै पक्षले लाभ प्राप्त गर्ने अवसर सिर्जना गर्नु पर्दछ । एक वा दुवै पक्षबाट त्यो भङ्ग गरिने हो भने आप्रवासन रोक्नु नै उचित हुन्छ, र आफ्नै मुलुकमा समुदाय खडा गर्नु पर्दछ ।

**विश्वका अन्य डरलाग्दा लक्षण र क्षेत्रहरू के छन् ?**

अफगानिस्तान नै अग्रणीरूपमा देखा पर्दैछ । नाटो फौज फिर्तीले मात्र यसको महत्व बढेको होइन, यही देशबाट चीनसँग सम्भावित युद्ध लड्ने र तेलको पाइपलाइन बिछ्याइने छ । भारत र पाकिस्तानबीच युद्ध हुन सक्छ, तर कास्मिरको सहभागिताका बारेमा कुनै पनि पक्ष ठोसरूपमा कुरा राख्न खोजेका छैनन् । विश्वले नै इजरायलका बारेमा चासो राख्दछ, र यो सेमिटिज्मको विरोधका रूपमा होइन कि बाँकी विश्वको गठबन्धनका कारणले हो ।

उत्तर कोरियासँग आणविक हतियार र क्षेप्यास्त्रहरु दुवै छन्, र उसले कसैमाथि न आक्रमण गर्छ न आफूमाथि आक्रमण हुन दिन्छ । शान्ति सम्झौता र अमेरिकासँगको सम्बन्ध सामान्यीकरणको सङ्घर्षले सम्भवत राम्रै फल दिनेछ, र यो सबैको हितमा हुनेछ ।

ताइवान र चीनले विस्तारै हङकङको नमुना झैं एक मुलुक दुई प्रणालीको रूपमा समस्या समाधान गर्नेछन् । चीनको अङ्गको रूपमा ताइवानले अझै पनि बढी नै स्वायत्तता प्राप्त गरिरहेकै छ । सीमित तिब्बतका बारेमा पनि यस्तै ज्ञानको खोजी हुनेछ । कुनै पनि परिस्थितिमा देखा पर्ने यी द्वन्द्वले तेस्रो विश्वयुद्ध गराउने छैन । यस्तो परिस्थिति निर्माण हुनका निम्ति सम्बन्धको गाँठो कसिलो हुनुपर्दछ, जस्तै अमेरिकासँग अन्य नाटो आबद्ध मुलुकहरु र इजरायलको सम्बन्ध । अथवा, रूस र चीनबीचको सम्बन्ध ।

हामीले पश्चिम-ईस्लामलाई छाडेका छौं । ईस्लामिक पक्षहरुमा रहने एकरूपताले अवश्य मद्दत गर्दछ । तर हामीले असंलग्न हिन्दु भारतलाई बिर्सिरहेका छौं, र यसले कुनै पनि प्रमुख विवादका अवस्थामा पश्चिमसँग गठजोड गरिआएको छ । इन्डोनेसिया र इजिप्ट ईस्लामको पक्षमा छन्, टटस्थ युगोस्लाभिया अब अस्तित्वमै रहेन, दक्षिण अमेरिका क्रिस्चियन-पश्चिम हो भने अफ्रिका विभाजित छ ।

हामीलाई दुवै पक्षमा मध्यमार्गी चाहिएको छ । ट्युनिसिया-टर्की र असंलग्न शक्ति राष्ट्रहरु, इजिप्ट र इन्डोनेसिया । पश्चिम- सम्भवत जर्मनी, ले अन्तर-धर्म सम्वादको अनुभव गरिरहेको छ ? जर्मनीले शान्तिका निम्ति प्रमुख भूमिका निर्वाह गर्नुपर्दछ ।

(आई.पी.एस्./एन.पी.आई.)

# माग पूरा नभएपछि अधिकारी दम्पत्ती फेरि अनसनमा

काठमाडौं । २०६१ साल जेष्ठ २४ गते आफ्नो घर गोर्खाको फुजेल गा.वि.स.बाट चितवन जाँदा अपहरण गरी आफ्ना छोराको हत्या गरेको भन्दै हत्यामा संलग्न भएकाहरुलाई कारबाहीको माग गर्दै पटक-पटक आन्दोलन गरेका अधिकारी दम्पत्तिले सरकारले दिने घोषणा गरेको राहत रकम अस्वीकार गरेका छन् ।

आफ्ना माग पूरा गराउन राजधानीको वीर अस्पतालमा ४६ दिनसम्म आमरण अनसन बसेका अधिकारी दम्पत्तीले आफूहरूले पैसा मागेको नभइ न्याय खोजेको हुनाले राहत रकम नलिने उद्घोष गरेपछि फेरि अधिकारी दम्पत्ती आमरण अनसनमै बसेका छन् । सरकारले अधिकारी दम्पत्तिले किटानी जाहेरी दिएकामध्येका एक रामप्रसाद अधिकारीलाई पक्राउ गरेपनि अन्य अपराधीहरूलाई पक्राउ नै नगरेको हुनाले आफूहरूको विश्वास टुटेको भन्दै पक्राउ गरेकालाई पनि प्रमाण नपुगेको भन्दै सरकारी वकिल कार्यालय चितवनले रामप्रसाद अधिकारीलाई अदालतमै नलगी प्रहरी हिरासतबाटै रिहा गर्न आदेश दिएको थियो ।

अधिकारी दम्पत्तीका जेठा छोराले आफ्ना बाबुआमाले पैसा नखोजेको र न्यायमात्र खोजेको हुनाले आफूले दसैंअगाडि गृहमन्त्रीलाई त्यसको जानकारी गराएको बताउँदै आफूहरूले पैसा चाहेको भए डा. बाबुराम भट्टराईकै पालामा पैसा लिन सक्ने जवाफ दिएर आफूले न्याय खोजेको बताएका छन् । सरकारले पटक-पटक मानवअधिकारवादीमार्फत पैसा लिन दबाब दिएको भन्दै न्यायिक प्रक्रिया पूरा भएपछि मात्र आफूहरूले राहत र पुनर्स्थापनाको प्रस्ताव स्वीकार गर्नसक्ने जानकारी गृहमन्त्रीलाई गराएको बताएका छन् । सरकारले न्यायको सट्टा पैसा दिएर आन्दोलनकारीहरूलाई चुप लगाउने रणनीति अघि सारे पनि सरकारले आफ्नो कार्यमा सफलता हात पार्न सकेको छैन । अधिकारी दम्पत्तीलाई कहिले पागल भन्दै मानसिक अस्पतालमा भर्ना गर्दछ भने कहिले माग पूरा गरिदिने भन्दै झुटा आश्वासन दिने गरेको हुनाले अब अधिकारी दम्पत्ति न्यायिक मागहरू पूरा नगरी कुनै हालतमा पनि आमरण अनसन नतोड्ने गरी वीर अस्पतालमै उपचारकै क्रममा आमरण अनसन बसेका छन् । पहिला भाद्र २१ गते सरकारले माग पूरा गर्ने आश्वासन दिएपछि एक अभियुक्त रामप्रसाद अधिकारी पक्राउ परेका थिए । सरकारका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि बास्कोटासहितका पदाधिकारीहरूले माग पूरा गर्ने लिखित प्रतिवद्धता जनाएपछि अधिकारी दम्पत्तीले अनसन तोडेका थिए ।

## vjsb

### मनाङ सफल पोखरा कपको फाइनलमा



काठमाडौं । डिफेण्डिङ च्याम्पियन मनाङ मर्स्याङ्दी क्लब सफल पोखरा कप फुटबलको फाइनलमा प्रवेश गरेको छ । बुधबार भएको पहिलो सेमिफाइनलमा त्रिभुवन आर्मीलाई २-१ गोलको अन्तरले पराजित गर्दै मनाङ फाइनलमा प्रवेश गरेका हो । अब उपाधिका लागि थ्रीस्टार र नेप्लिज फुटबल एसोसिएसन हङकङको विजेतासँग खेल्नेछ ।

पोखरा रंगशालामा भएको खेलमा मनाङले १२ औं मिनेटमा दीपक राईको गोलबाट अग्रता लिएको थियो । कप्तान सागर थापाको पासमा उनले गोल गरेका हुन् । खेलको ३३ औं मिनेटमा स्टफेनले भरत खबासलाई फल गरेपछि आर्मीले पेनाल्टी पायो । पेनाल्टीमा राजु तामाङले गोल गर्दै खेललाई बराबरीमा पुऱ्याए । ६० औं मिनेटमा सुजल क्षेष्ठले वान भर्सेज वानमा गोल गर्ने मौका चुकाए ।

खेलको ८८ औं मिनेटमा विसाल राईले गोल गर्दै मनाङलाई २-१ को जित दिलाए । अनिल गुरूङको प्रहार आर्मीका गोलकिपरले पूर्ण क्लियर गर्न नसक्दा पाएको मौकामा विसालले मैदान प्रवेश गरेको तेऽ्रो मिनेटमा नै गोल गरेका हुन् ।

### रोनाल्डोको ह्याट्रिकमा रियल विजयी

क्रिस्टियानो रोनाल्डोको ह्याट्रिकको मद्धतमा रियल मड्रिडले स्पेनिस लिग फुटबलमा सेभिल्लालाई पराजित गरेको छ । बुधबार राति भएको खेलमा रियल मड्रिडले सेभिल्लालाई ७-३ गोल अन्तरले पराजित गरेको हो ।

घरेलु मैदान सान्टिएगोमा भएको खेलमा रियल मड्रिडले १४ औं मिनेटमा



ग्यारेथ बेलको गोलबाट अग्रता लिएको थियो । २७ औं मिनेटमा उनले रियलको अग्रता दोब्बर पारे । ३२ औं मिनेटमा रोनाल्डोले पेनाल्टीमार्फत गोल गरेपछि रियल मड्रिड ३-० को अग्रता लिन सफल भयो । ३८ औं मिनेटमा राकिटिचले पेनाल्टीमार्फत गोल गरे भने लगतै बाक्काले गोल गरेपछि सेभिल्लालाई रियल मड्रिडको अग्रता ३-२ मा झारे ।

तर, दोस्रो हाफमा पनि रियल मड्रिडको दबदबा कायमै रह्यो । ५३ औं मिनेटमा करिम बेन्जिमाले गोल गरे भने ६० औं मिनेटमा रोनाल्डोले व्यक्तिगत दोस्रो गोल गरे । ६३ औं मिनेटमा राकिटिचले व्यक्तिगत दोस्रो गोल गर्दा सेभिल्लाले खेललाई ५-३ मा ल्यायो । तर, ७१ औं मिनेटमा रोनाल्डोले ह्याट्रिक पूरा गरे । ७६ औं मिनेटमा एमबीआ रातो कार्ड खाँदै मैदानबाट बाहिरिएपछि सेभिल्ला १० खेलाडीमा सीमित भयो । ८० औं मिनेटमा बेन्जिमाले व्यक्तिगत दोस्रो गोल गरेपछि रियल मड्रिड ७-३ को जित निकाल्न सफल भयो ।


## अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सूचना

**भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गरी मुलुकमा सुशासन कायम गराउने दिशामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सदैव क्रियाशिल रहँदै आएको छ । यस अभियानमा आयोगको एक्लो प्रयास मात्र पर्याप्त नहुने हुदाँ सम्बद्ध सेवाग्राही नागरिक समाज र आम संचार माध्यमले यथार्थपरक सूचना समयमै देहायको ठेगानामा उपलब्ध गराई आयोगलाई सहयोग पुऱ्याईदिनुहुन अनुरोध छ ।**

**साथै आयोगद्धारा पाक्षिक रुपमा 'नागरिकसँग प्रमुख आयुक्त' कार्यक्रम संचालन भैरहेको हुदाँ आयोगको आधिकारिक फेसबुक पेज मार्फत सार्वजनिक जानकारी गराईने मितिमा आयोग परिसरमै उपस्थित भई माननीय प्रमुख आयुक्तज्यू समक्ष सर्वसाधारणले आ-आफना पिर मार्का, उजुरी र सुझावहरु प्रस्तुत गर्न सक्नु हुनेछ ।**

**उजुरीको विषय र उजुरीकर्ताको विवरण गोप्य राखिने छ ।**

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं, नेपाल
टेलिफोन नम्बर : ०१४४४०१५१, ०१४४३२७०८
टोल फ्रि नम्बर : १६६००१२२२३३, फ्याक्स : ०१४४४०१२८
इमेल : akhtiyar@ntc.net.np, वेभसाइट : WWW.ciaa.gov.np
फेसबुक पेज : धधध।बअभदययप।अफरत्भउबअिष्ब।
'नागरिकसँग प्रमुख आयुक्त' कार्यक्रममा नाम दर्ताको लागि
सम्पर्क नम्बर : ९८५११७०१५१, ०१४४२९६८८

# पहिचान के हो, चिनारी के हो ?

निर्वाचनको मुखमा आएर सबै राजनीतिक दलहरू पहिचानसहितिको संघीयताका लागि निकै मच्चिन थालेका छन् । पहिचान भनेको के हो ? बिबिधतामा एकता रहेको १२६ जातिको नेपालमा पहिचानको मुद्दा कहाँबाट घुस्यो ? कसले उठायो यो मुद्दा, कसैलाई थाहा छैन । यथार्थमा यो पहिचानभन्ने मुद्दा नै लोकतन्त्रजस्तो भारतीय शब्द हो । हुन त प्रजातन्त्र र लोकतन्त्र भनेको उस्तै भएफैं पहिचान शब्द भनेको नेपाली हुनुपर्ने हो । नेपाली चिनारी भन्न छाडेर जातीय पहिचानको खिचलो निकाल्नु र राजनीतिक भाषणको फेसन बनाउनुले अनावश्यक झगडा निम्त्याएर मारामारमा होमिने काम भइरहेको छ । अब त नेपाली चिनारी पहिचानमा लगेर उरालिएको छ ।

२००७ सालदेखिको मुद्दा थियो संविधानसभाको निर्वाचन । भारतले उचाल्ने र पछार्ने गर्दा गर्दै सम्भव भएन । ०६४ सालमा सम्भव त भयो तर यसले कामै गर्न सकिएन । विश्वमा कहीं पनि दुईपल्ट संविधानसभाको निर्वाचन भएजस्तो लाग्दैन, नेपालमा हुनलागेको छ । एकतावद्ध र सबैले समानता पाउने खालको पद्धति रोज्न छाडेर संविधानसभालाई केही राजनीतिक दलहरूले अहंको विषय बनाएका छन् । यो भारतीय षडयन्त्र हो । असन्तोष र असहमतिका बीचमा हुन लागेको संविधानसभाको निर्वाचनले आखिर कसको हित स्वार्थ रक्षा गर्छ ? यो मूल प्रश्न बनेको छ ।

हुन त उखान छ, कही नभएको जात्रा हाँडीगाउँमा । हाँडीगाउँको जात्रा नेपालमा मात्र हुन्छ । संविधानसभाको दोस्रो निर्वाचन पनि नेपालमै हुनलागेको छ । चुनाव भइहाल्यो भने यसको परिणाम सबैलाई थाहा छ, के हुन्छ ? कसैले बहुमत पाउनेवाला छैनन् । जनताले आत्म निर्णय गरिसकेका छन् र परिणाम त्यही आउँछ । जनताले मिलेर काम गर भनेका थिए पहिले र अहिले पनि त्यही भन्ने हुन् तर कुकुर बिरालोको नियति र चरित्र देखाइरहेका राजनीतिक दलहरू कुकुरको पुच्छर नसोझिएफैं व्यवहार देखाइरहेका छन् । जनता सन्तुलित आदेश दिने, नेताहरू असन्तुलित र अहंकारपूर्ण काम गर्दै जाने ? नेपाल र नेपाली राजनीति भद्दा मजाक र नौटंकी बन्दै गएको छ । बन्दुकको नाल तेर्स्याउँदा त माओवादीले चुनाव जितेर केही गर्न सकेन, अहिले त स्थिति नै अर्कै छ । जनतामा चेतना र उत्साह, आक्रोस र साहस बढिसकेको छ ।

जनतालाई थाहा छ, चुनाव चुनाव भन्नेहरूले संविधान बनाउँदैनन् । देश गरिब छ, तर खर्चालु चुनाव गर्न नेताहरू दगुरिरहेका छन् । जनताले दिने आदेश मिलिजुली सरकार नै हो, फेरि किन चुनाव चुनाव भनेर मरिहत्ते । यो चुनावमा फेरि ३५ अर्ब खर्च हुनेछ । चुनावपछि ६०१ सभासदको भेडी गोठले लुट्ने कति कति ? ०६४ सालको चुनाव र त्यसपछिको खर्च ढेढ खर्बभन्दा बढी भयो, नतिजा शून्य भयो । यो चुनावले त्योभन्दा बढी खर्च हुनेछ र नतिजा केही निस्कनेवाला छैन । खोदा पहाड, निकला चुहा हुनेछ । यस्तो चुनाव, चुनावमा मतदान गर्दा के फलिफाप होला भनेर जनता चिन्तन गर्न थालेको अनुभव हुँदैछ ।

*रोशनकृष्ण रन्जितकार*

/Elg va/

# रेखा र जीवन सर्वोत्कृष्ट



काठमाडौं । पाँचौं एचटिभी फिल्मीखबर डी सिने अवार्ड-२०७० मा नायिका रेखा थापा र नायक जीवन लुइंटेल सर्वोत्कृष्ट घोषित भएका छन् ।

आइतबार राजधानीमा सम्पन्न प्रतियोगिताको फाइनलमा रेखाले लंका चलचित्रबाट सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड जितेकी हुन् भने जीवन नोटबुकबाट उत्कृष्ट अभिनेता घोषित भएका हुन् । उत्कृष्ट अभिनेत्रीका लागि रेखासँगै मायाज् बारबाट निशा अधिकारी, नोटबुकबाट नीता ढुंगाना, साँघुरोबाट दिया मास्के र नाइन ओक्लकबाट सुमिना घिमिरे प्रतिस्पर्धामा थिए । त्यस्तै, उत्कृष्ट अभिनेताका लागि जीवनसँग छड्केका सौगात मल्ल, धन्दाका अर्पण थापा, के म तिम्रो साथी बन्न सक्छुबाट आर्यन सिग्देल र इसाराबाट भुपेन चन्द मनोनीत थिए ।

छायाछवि क्रिएसनले आयोजना गरेको अवार्डमा वान टाइम सिनेमाको रिदम सर्वोत्कृष्ट चलचित्र घोषित भयो भने यही चलचित्रबाट विकास आचार्यले सर्वोत्कृष्ट निर्देशक र पटकथाकारको अवार्ड जिते । यही चलचित्रबाट विल्सनविक्रम राईले सहअभिनेता, डा. कृष्णहरि बरालले उत्कृष्ट गीतकार र अनुभव रेग्मीले बालकलाकारको अवार्ड जिते ।

२६ विधामा प्रतिस्पर्धी अवार्ड वितरण गरिएको कार्यक्रममा चलचित्र शिरीषको फूलले जुरी अवार्ड पायो भने धन्दाबाट अर्पण थापा, मायाज् बारबाट निशा अधिकारी र दिनेश डिसीलाई क्रमशः अभिनेता, अभिनेत्री र निर्देशकको क्रिटिक्स अवार्ड प्रदान गरियो । त्यसैगरी, छायाछवि क्रिएसनले सञ्चारकर्मी राजन घिमिरेलाई नगद पाँच हजार पाँच सय पाँच रुपैयाँको छायाँछवि पत्रकारिता पुरस्कार प्रदान गऱ्यो । चलचित्रकर्मी रजत सम्मान वरिष्ठ अभिनेता मदनदास श्रेष्ठ र शर्मिला मल्ललाई प्रदान गरियो । पब्लिक च्वाइस अवार्ड मञ्जरी चलचित्रका गौरव पहाडीले पाए भने स्टार एफएम इन्करेजमेन्ट अवार्ड पहिलो नेपाली थ्रिडी फिल्म भिजिलान्तेका लागि निर्देशक दीपेन्द्र के खनालालाई प्रदान गरियो ।

०६९ सालदेखि ०७० असार मसान्तसम्म प्रदर्शनमा आएका चलचित्रहरु समावेश भएको प्रतियोगितामा नवनायकको अवार्ड मायाज् बारबाट गजित विष्टले जिते । निमा लामाले धन्दा चलचित्रबाट सर्वोत्कृष्ट शृंगारको अवार्ड पाए भने मायाज् बारबाट एसिल कार्कीले पार्श्व संगीतकारको अवार्ड जिते । त्यसैगरी, मनोज राजभण्डारीले फुलस्टपबाट ध्वनि मिश्रणको अवार्ड पाए ।

नोटबुकबाट निर्देशक योगेश घिमिरे सर्वोत्कृष्ट कथाकार कहलिए भने शिवम अधिकारीले सर्वोत्कृष्ट संवाद लेखकको अवार्ड जिते । चन्द्र पन्तले हमेसाबाट द्वन्द्व निर्देशकको अवार्ड जिते । दीपा बस्नेत अन्तरालबाट सर्वोत्कृष्ट नवनिर्देशक घोषित भइन् । चरित्र अभिनेताको अवार्ड मञ्जरीका लागि टीका पहाडीले पाए भने अध्यायबाट विपिन मल्लले उत्कृष्ट सम्पादकको अवार्ड हात पारे । मायाज् बारबाट पुरुषोत्तम प्रधान उत्कृष्ट छायाकार घोषित भए भने यही चलचित्रबाट करिश्मा मानन्धरले सहअभिनेत्रीको अवार्ड जितिन् । नोटबुकको गाला रातै गीतका लागि प्रह्लाद तिमिल्सिनाले उत्कृष्ट गायक र मिलन अर्मत्यले उत्कृष्ट गायिकाको अवार्ड जिते ।

मेरो जीवन साथीबाट अर्जुन पोखरेलले सर्वोत्कृष्ट संगीतकारको अवार्ड प्राप्त गरे । खलपात्रको अवार्ड फेसबुकका लागि फरना थापाले हात पारिन् । नवनायिकाको अवार्ड युजबाट सीमा केसीले पाइन् ।

दिनेश डिसी, दीपकराज गिरी, राज श्रेष्ठ र सुषमा केसीले होस्ट गरेको कार्यक्रममा गजित विष्ट, रिस्ता बस्नेत, रवि कार्कीलगायत कलाकारले विभिन्न गीतमा नृत्य प्रस्तुत गरेका थिए भने प्रह्लाद तिमिल्सिना र मिलन अर्मत्यले गीत गाएका थिए । हास्य कलाकार जोडी दीपकराज र दीपाश्रीले अभिनेत्री रेखा थापाको क्यारिकेचर अन्तर्वार्ता प्रस्तुत गरेर दर्शक हँसाएका थिए । व्यंग्यकवि शैलेन्द्र सिंखडाको फिल्मी व्यंग्य प्रस्तुतिले माहोल निकै रमाइलो बनाएको थियो । हिमालय टिभी र स्टार एफएमले प्रत्यक्ष प्रसारण गरेको कार्यक्रममा चलचित्र र सञ्चारकर्मीको उल्लेख्य उपस्थिति थियो । कार्यक्रम कुशलताका साथ सम्पन्न भएको आयोजक संस्थाका



skt/6

## मेगा र प्लासिड एक्सप्रेसबीच रेमिट सम्झौता

मेगा बैंक नेपाल लिमिटेड र अमेरिकाको प्लासिड एक्सप्रेस रेमिट्यान्स प्राइभेट लिमिटेडबीच नेपालमा रेमिट्यान्स भित्र्याउन सम्झौता भएको छ । मेगा बैंककी चिफ बिजनेस अफिसर रवीना देशराज श्रेष्ठ र रेमिट्यान्स कम्पनीका उपाध्यक्ष मोहम्मद एच रसिदबीच सम्झौतापत्रमा हस्ताक्षर भएको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । यो सम्झौतासँगै प्लासिड एक्सप्रेसमार्फत विदेशबाट पठाइएको रकम मेगा बैंकका २८ वटै शाखा तथा देशभर छरिएर रहेका १ हजारभन्दा बढी एजेन्टमार्फत सहजै प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

३० वटा मुलुकमा रेमिट्यान्स कारोबार गरिरहेको प्लासिडका मलेसिया र युएईसहित विश्वभर ५० हजार एजेन्ट छन् । यो सम्झौतापछि विदेशमा विभिन्न कुनामा रहेका नेपालीले सहज र सरल रूपमा रेमिट्यान्स भित्र्याउने कार्यमा नयाँ आयाम थपेको मेगा बैंकले जनाएको छ ।

## एनसिसी बैंकको रक्तदान

एनसिसी बैंकले १७औं वार्षिकोत्सव अवसर पारेर रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंक अध्यक्ष पृथ्वीराज लिगलले रक्तदान कार्यक्रम सुरु गरेका थिए ।बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गरिएको रक्तदानमा ग्राहक, सेयरधनी, कर्मचारीलगायत सयभन्दा बढी सहभागी थिए ।

## कमर्जको एक्स्टेन्सन काउन्टर

कमर्ज एन्ड ट्रस्ट बैंक नेपालले चितवनको कुरिनटारमा एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत अनलराज भट्टराई एवं स्थानीय ज्येष्ठ नागरिक कर्णबहादुर गुरुङले संयुक्त रूपमा एक्स्टेन्सन काउन्टर उद्घाटन गरेका थिए ।

हाल बैंक ११ अर्ब २४ करोड निक्षेप संकलन र १० अर्ब ५४ करोड ऋण प्रवाह रहेको विज्ञप्तिमा उल्लेख छ ।

## सिटीको ८० युनिट रगत संकलन

कास्की/ पोखरामा मुख्य कार्यालय रहेको रहेको सिटी डेभलपमेन्ट बैंकले सातौं वार्षिकोत्सव अवसरमा सञ्चालन गरेको कार्यक्रममा ८० युनिट रगत संकलन भएको छ । बैंकको मुख्य कार्यालयमा गरिएको रक्तदान कार्यक्रम राष्ट्र बैंक पोखरा शाखाका मुख्य व्यवस्थापक ऋषिकेश भट्टले उद्घाटन गरेका थिए । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले जानकारी दिए ।

## सिभिकलाई सेयर निष्कासन अनुमति

धादिङमा मुख्य कार्यालय रहेको सिभिक डेभलपमेन्ट बैंकले आव ०६९/७० को नाफाबाट सेयरधनीलाई वितरण गर्ने ९ प्रतिशत नगद लाभांश वितरणका लागि राष्ट्र बैंकले स्वीकृति दिएको छ । बैंकको आउँदो चौथो वार्षिक साधारणसभाले निर्णय गरेपछि सेयरधनीलाई लाभांश वितरण गरिनेछ । बैंकको अधिकृत पुंजी १० करोड, जारी पुंजी ४ करोड र चुक्ता पुंजी ४ करोड रहेको छ । बैंकले आव ०६९/७० मा ७८ लाख ७ हजार सञ्चालन नाफा आर्जन गरेको जनाएको छ ।

## बल्खुमा मिट मार्ट

विभिन्न प्रकारका मासु बिक्री गर्ने उद्देश्यले बल्खुमा मिट मार्ट सञ्चालनमा आएको छ । ८ रोपनीमा फैलिएको बल्खु मिट मार्टमा ४ करोड लगानी रहेको सञ्चालकले जानकारी दिए । मार्टमा ३२ जनाले रोजगारी पाएका छन् । मार्टमा अस्ट्रिच, कुखुरा, हाँस, खसी, अन्डा र सी फुड उपलब्ध गराइने दाबी गरिएको छ ।

मार्ट उद्घाटन गर्दै अर्थमन्त्री शंकरप्रसाद कोइरालाले व्यावसायिक कृषिमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे । कृषिलाई व्यवसायीकरण नगरेसम्म विकास सम्भव नभएको हुँदा निजी क्षेत्र लगानीका लागि उत्साहित भएको उदाहरणका रूपमा मिट मार्टलाई लिएको उनले बताए । केन्द्रीय बैंकले १२ प्रतिशत कृषि क्षेत्रमा लगानी अनिवार्य गरेपछि यस क्षेत्रको विकासले गति लिनसक्ने अर्थमन्त्रीको भनाइ थियो । अर्थ मन्त्रालयका सल्लाहकार डा. चिरञ्जीवी नेपालले सरकारले कृषि क्षेत्रको लगानी नडुब्ने ग्यारेन्टी गर्नुपर्नेमा जोड दिए । निजी क्षेत्रले हरेक विषयमा राज्यको भूमिका खोजेर राज्यलाई निरंकुश बनाउने उनको भनाइ थियो । कार्यक्रममा कृषिसचिव जयमुकुन्द खनालले कृषिको विकासका लागि सरकार र निजी क्षेत्रको साझेदारी आवश्यक रहेको बताए ।

## एनएमबि-विश्व खाद्य कार्यक्रम सम्झौता

एनएमबि बैंक र संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रमबीच डोटीका खाद्य संकटमा रहेका समुदायलाई शाखारहित बैंकिङ सेवामार्फत सहयोग उपलब्ध गराउने सम्झौता भएको छ । बैंकले आधुनिक प्रविधिको चिप जडान गरिएको बायोमेट्रिक स्मार्ट कार्ड तथा पिओटी मेसिनका माध्यमबाट डोटीका पोखरी तथा लडागडा गाविसमा सेवा प्रदान गर्नेछ । सम्झौतापछि प्रत्यक्ष बैंकिङ सेवाबाट बन्चित समुदायलाई पहिलोपटक वित्तीय सेवा प्राप्त हुने बैंकले जनाएको छ ।

विश्व खाद्य कार्यक्रम भोकमरी समस्यासँग लड्ने विश्वकै ठूलो मानवीय गैरसरकारी संस्था हो । यसले नेपालको मध्य तथा सुदूरपश्चिमको पहाडी तथा हिमाली जिल्लामा खाद्य असुरक्षा, कुपोषण, शिक्षालगायतका क्षेत्रमा काम गर्दै आएको छ । कोरियन सरकारको अनुदानमा विश्व खाद्य कार्यक्रमद्वारा सञ्चालित 'फुड फर न्युभिलेज कार्यक्रम'अन्तर्गत लडागडा र पोखरी गाविसमा १ हजार ६ सय सेवाग्राहीलाई नगद वितरण गरिने जनाएको छ ।

## ठूला दल...

दलहरूले निर्वाचन भएको ६ महिनापछि संविधानको मस्यौदा तयार गर्ने र एक वर्षभित्रमा संविधान निर्माण गरी जारी गर्ने प्रतिवद्धताका साथ चुनावमा होमिएका भए पनि दलहरूबीच संघीयता र शासकीय स्वरूपका बारेमा सजिलै र ६ महिनाभित्रमा सहमति हुन सक्छ भन्ने विश्वास जनतालाई छैन ।

एमाओवादीले जातीय पहिचानका आधारमा ११ प्रदेशको संघीय संरचना अगाडि सारेको छ । त्यसै गरी एमाओवादीकै हुबहू गर्दै संघीय समाजवादी पार्टीलेसमेत प्रदेशको नामाकरण गर्दै १४ प्रदेशको संघीय संरचना अघि सारेका हुनाले एमाओवादी, मधेसी जनअधिकार फोरम, नेपाल र संघीय समाजवादी पार्टीबीच चुनावी तालमेल हुन सक्ने सम्भावना बढेर गएको छ । फोरमले आत्मनिर्णयको अधिकारसहितको संघीय संरचना बनाउने प्रस्ताव अघि सारे पनि एमाओवादीभन्दा केही फरक प्रदेशको दाबी गरेपनि उसले एमाओवादीकै मार्ग अवलम्बन गरेको छ ।

संघीयताको अर्को ध्रुवमा देखिएका काँग्रेस, एमाले, राप्रपा नेपाल र राप्रपाले समान सात प्रदेशको संरचना अगाडि सारेका छन् । काँग्रेस, एमालेले संघीयताका आधारमा पहिचानका पाँच र सामर्थ्यका चार आधारलाई नै स्वीकार गरेका छन् । ती दलले जातीय, समूहगत, भाषिक, सांस्कृतिक, भौगोलिक, क्षेत्रगत, निरन्तरता र ऐतिहासिक निरन्तरतालाई पहिचानका आधार मानेका छन् । काँग्रेस, एमालेले बहुजातीय पहिचानसहितको संघीयता प्रस्ताव गरेका छन् भने राप्रपा र राप्रपा नेपालले गैरजातीय नाममा सात प्रदेशमा पुनर्संरचना गर्नुपर्ने अवधारण ल्याएका हुनाले निर्वाचनपछि दलहरू अहिलेकै ध्रुविकरणमा रहने प्राय:निश्चित भएको छ ।

## वैद्यले...

नेकपा-माओवादीसहितका ३३ दलको निर्वाचन बहिष्कारले निर्वाचन, संविधानसभा र संविधान लेखन हुन्छ भन्ने विश्वास जनमानसमा छैन । मंसिर ४ आउन केही दिनमात्र बाँकी रहेको स्थितिमा पनि उम्मेदवार, तिनका कार्यकर्ता र कार्यकर्ताका परिवारबाहेक आमजनता निर्वाचनप्रति हौसलायुक्त बनेका छैनन् । जतिसुकै निर्वाचनमय भाषण गरे पनि जनतामा नैराश्यता र त्रासदी बढेको छ । असन्तुष्टले प्रचण्डमाथि लेण्डुप दोर्जीको आरोप लगाउनु र निर्वाचनले मंसिर ४ को दोस्रो निर्वाचन जनयुद्धभन्दा ठूलो द्वन्द्वमय हुने आशंका विश्लेषकहरूको छ ।

## पूर्वमा...

मात्र देखेका एमाओवादीले बहुमत ल्याएर कार्यकारी राष्ट्रपतिको माध्यमबाट जनगणतन्त्रसम्म पुग्ने सपना चकनापुर हुने खतरा देख्दैछन् । यो खतरा केही दिनमा विश्वासमा बदलियो भने प्रचण्डले चुनाव बिथोल्ने निश्चित छ । प्रचण्ड महत्वकांक्षी नेता हुन् र उनी आफ्नो स्वार्थसिद्ध नुहने भयो भने जे पनि बोल्न र गर्न सक्ने नेता मानिन्छन् । प्रचण्ड हराउ आन्दोलनले पूर्वमा एमाओवादी खेमा हल्लिन थालिसकेको छ ।

## आन्दोलनबीचबाटै...

वहिष्कारलाई आन्दोलनकै रूपमा सक्रियरूपमा अगाडि बढाउने उद्घोषसमेत गरेका छन् । चुनाव वहिष्कारका लागि हामीहरू भूमिगत हुँदैनौं र प्रहरी र सेनाका हतियारहरू पनि खोस्दैनौं, जनतालाई भने बहिष्कारका पक्षमा लाग्न अनुरोध गर्दछौं ।

आफूहरूलाई ठूलो दल भन्ने राजनीतिक दलहरू पूर्ण रूपमा असफल भइसकेको बताउँदै वैद्यले अगाडि भने 'संविधानसभाको चुनाव भइहाले पनि त्यसले नयाँ संविधान निर्माण गर्न सक्दैन' भन्दै कुनै हालतमा पनि आउँदो संविधानसभाले संविधान निर्माण गर्न नसक्ने ठोकुवा समेत गरेका थिए । त्यसै क्रममा वैद्यले भने विदेशी प्रतिक्रियावादीहरूले आफ्ना दलालमार्फत आफ्नो हितको सुरक्षा गरिरहेको र तिनै दलालहरूले गर्दा आफ्नो पार्टीले चुनावमा भाग लिन नपाएको गुनासो समेत पोखेका थिए । खास गरेर अध्यक्ष वैद्यको आक्रोस एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र नेता बाबुराम भट्टराईप्रति इंगित थियो ।

संविधानसभाबाट संविधान निर्माण गर्न नपाए पनि आफूहरूले नयाँ जनवादी क्रान्तिमार्फत संविधान लेख्ने भन्दै राष्ट्रियता र जनतन्त्रको आन्दोलनबीचबाटै जनसंविधान बनाउने घोषणासमेत गरेका हुनाले आउँदो संविधानसभाले संविधान निर्माण गरे पनि त्यो सबैलाई स्वीकार्य नहुने निश्चित जस्तै देखिएको छ ।

## धाँधली...

आयोगलाई कसैको षड्यन्त्रमा नफस्न सल्लाह र सुझाव समेत दिएका छन् । मतदाता परिचयपत्र बिना निर्वाचन निष्पक्ष र धाँधलीरहित हुन नसक्ने ठोकुवा गर्दै निर्वाचन भएको ६ महिनाभित्रमा संविधानको मस्यौदा तयार गरी एकवर्षभित्रमा नयाँ संविधान जारी गर्ने, यदि त्यसो नभएमा फेरि संविधानसभाको निर्वाचन कुनै हालतमा पनि नगरिने र त्यसपछि सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले जनमत संग्रहको माध्यमबाट संविधान निर्माण गर्न सक्ने उद्घोष गरेका छन् ।

एमाओवादीले स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन नचाहेको र विगतमा जस्तै धाँधली गरेर चुनाव जित्ने मनसाय राखेर अगाडि बढेको हुनाले एमाओवादीको सपना विफल बनाउन लोकतन्त्रमा विश्वास राख्ने दलहरू एकै ठाउँमा उभिनु पर्ने बताउँदै जनजाति भड्काउले भाषण दिने पहाडी र मधेसीको नारा दिने लगायतका साम्प्रदायिक वितण्डा मच्चाएर राष्ट्रिय अखण्डता खलबल्याउने कार्य एमाओवादीबाट भइरहेको आरोप समेत लगाएका छन् । निष्पक्ष र धाँधलीरहित रूपमा निर्वाचन सम्पन्न गर्न अराजक गतिविधि मच्चाउन सक्ने षड्यन्त्रकारीहरू र जातजातिलाई भड्काएर आफ्नो स्वार्थ पूरा गर्न खोज्ने एमाओवादीलाई फेरि जनताले कुनै हालतमा पनि ठूलो पार्टी बनाउनु हुँदैन भन्दै फेरि एमाओवादी ठूलो पार्टी भएमा संविधान नै निर्माण हुन नसक्ने ठोकुवा समेत गरेका थिए ।

## चुनाव...

अगाडि बढ्न किन कोही मन्जुर हुँदैनन् ? दुई वर्ष भित्रमा संविधानसभा-१ले संविधान निर्माण गर्न सकेन । त्यसलाई आफूखुसी अझ दुई वर्ष थपेर चार वर्षसम्म जिवन्त राख्दा पनि कुनै माखो मर्न सकेन । ...तब पनि 'नखसेको आकाश' अब मंसिर ४ मा चुनाव भएन भने आकाशै खस्छ भन्ने यो कस्तो तर्क हो ? प्रभावशाली बहिष्कारवादी दल अहिले पनि सहमतिका लागि सार्वजनिक रूपमै आग्रह गर्छ भने केही समयका लागि चुनावी प्रकृयालाई स्थगत गरेर त्यो समूहलाई पनि समेटी अगाडि बढ्दा मुलुकले अहिलेको स्थितिभन्दा केही हदसम्म निकास पाइने सम्भावना रहन्छ भने त्यतातिर किन विचार नगर्ने ? फेरि यहाँ वैध समूहलाई मात्र सम्बोधन गरेर कहाँ होला र ? नेपाल र नेपालीका एकताका सूत्र राजसंस्थालाई पनि समेट्नु जरूरी छ । तर होइन, यहाँ कसैलाई 'निकास' चाहिएको देखिँदै देखिएन । मुलुकप्रति कोही पनि गम्भीर भएनन् । यो मुलुकमा अद्यापि अत्यन्तै प्रभावशाली रहेर बसेको शाहवंशीय राजसंस्थालाई विधिवत रूपमा विस्थापन गर्नका लागि एकथरी नेपाली भनाउँदाको तजबीजमा गर्न लागिएको संविधानसभा-२ को निर्वाचन के साँच्चै नै मुलुकका लागि हितकर छ त ? जतिसुकै राजतन्त्र इतिहासको पानामा समेटिसक्यो भनेर फोस्रो हुँकार भरेता पनि नेपाली जनता सामु उभिएर यिनले इमानदारीपूर्वक भन्न सक्छन् कि - राजसंस्थालाई नेपाली जनताले नै विस्थापन गरेका हुन भनेर ? त, त्यस्तो संस्थालाई जबरजस्ती आफूखुसी पाखा लगाएर यो मुलुकमा यदि कसैले शान्ति, संविधानको कल्पनासमेत गर्छ भने त्यो मूर्खता सिवाय अरू केही हुन सक्दैन । त प्रष्ट हौँ, यो मंसिर ४ को चुनाव केही हुँदै होइन । यसले 'केही' दिनै सक्दैन । विदेशीको ईशारामा तिनको एजेन्डा लागू गर्नका लागि गरिन आँटिएको यो चुनावले निकास अनि विकास होइन कि स्पष्ट रूपमा चर्को द्वन्द्व निम्त्याउने छ । नेपालीहरूले करिब बाह्र वर्ष प्रायोजित द्वन्द्वलाई खेपे, अब यही शहर केन्द्रित द्वन्द्वलाई अनिश्चितकालका लागि बेहोर्नुपर्ने देखिँदैन । हो, संविधान चाहिन्छ, ... तर त्यो संविधानले सबै थरीलाई समेट्ने खालको हुनुपर्छ । खाली एमओवादी र उसको एजेन्डा बोकेको कांग्रेस, एमाले, राप्रपा मधेसवादी अनि केही ससाना दलहरूलाई मात्र पाच्य हुने संविधान यो मुलुक र मुलुकवासीहरूलाई कदापि मान्य हुने छैन । यदि जबरजस्ती त्यस्तो संविधान लाद्न खोजिएमा त्यसको परिणाम अत्यन्तै भयावह हुनेछ भनेर अब पनि दोहोऱ्याइरहनु नपर्ला । त, भय, शंकाको वातावरणमा डर त्रासको अवस्थामा अनि नेपालको वास्तविक वस्तुस्थिति भन्दा पर गएर आयोजन गरिन लागिएको मंसिर ४ को चुनावलाई तत्कालका लागि स्थगन गर्नु सबभन्दा श्रेयस्कर हुनेछ । यसप्रति गम्भीर भएर सोचौँ । बम, बारूद, ढुंगामुढा झेल्दै संविधानसभाको चुनाव गर्ने ? त्यस्तो पनि कहीँ हुन्छ ? एकथरी नेपालीको आग्रह-पूर्वाग्रह (चुनावप्रति) रहँदारहँदै गरिएको चुनावले मुलुकमा अझ बढी अस्थिरता ल्याउँछ- त्यसप्रति चनाखो रहौं । एकातिर वैध माओवादीका 'मागहरू' छन् भने अर्कातिर राजतन्त्र र धर्मसम्बन्धीका मुद्दाहरू ज्युँदै छन् । भन्नु नै पर्दा, दक्षिणको 'मित्र'को ईशारामा राजतन्त्र र पश्चिमाहरूको इच्छामा 'हिन्दू धर्म'लाई समाप्त (!) पारेका यिनीहरूको मनसुवा वास्तवमा सर्वमान्य संविधान निर्माण गर्नु नै होइन । अस्थिर मुलुकलाई अझ झन् अस्थिर तुल्याएर छिमेकीहरू (खासगरी दक्षिणको) स्वार्थहरूलाई पूरा गर्न सजिलो वातावरण बनाउने खेल मात्र भइरहेको छ । फेरि दक्षिणको छिमेकीलाई नेपालमा जति बढी द्वन्द्व भयो, जति बढी अराजकता भयो उति नै बढी 'फाइदा' छ । आफ्ना सम्पूर्ण स्वार्थहरू पूरा गर्न त्यो मित्र (?) लाई सजिलो पनि हुनेछ । त्यसैका लागि यो सब भइरहेको छ र त्यसको 'गोटी' बनेका छन्- यहाँका यी कथित नेताहरू ! कस्तो अचम्म ! चार वर्षभित्रमा दुई पटक संविधानसभाको चुनाव !? मानौं यो संविधानसभाको होइन कि, संसदको चुनाव हो ! त्यस्तो पो सोचिएको छ ! संविधानसभा-१ को चुनाव, जसमा सबै खाले गणतन्त्रवादीहरूलाई समेट्न सकिएको थियो, त्यसले त कुनै 'सुखद्' परिणाम दिन सकेन भने यो संविधानसभा-२ को त चुनावको बारेमा नै झगडा छ भने यसबाट के निस्कन्छ ? ती नेपालीहरू जो अहिले 'घरदैलो' कार्यक्रममा निस्केका छन्, तिनले आफ्ना ती नेता भनाउँदालाई यस बारेमा सोध्न किन नसकेका ? त, यो मुलुकलाई साँच्चै नै शान्ति विकास र समुन्नतको बाटोतिर लैजाने हो भने राजासहितको प्रजातन्त्र नै एकमात्र विकल्प हो । अझै पनि भन्नुपर्दा, २०४७ सालको संविधानको `मूल भावनालाई यथावत राखी अन्य धाराहरूमा समायानुकूल संशोधन गर्नु एकमात्र उत्तम उपाय हो- शान्त र समृद्ध नेपालका लागि ।

जसरी हिजो एकथरी नेपालीहरूलाई बाहेक गर्दा मुलुक यो अवस्थामा आइपुग्यो, त्यसरी नै आज अर्को थरीलाई जबरजस्ती 'नागार्जुनको जंगल' मा पठाउँदा अहिले सम्म मुलुक अन्योलको `भूमरीमा रूमलिइरह्यो । त्यसकारण व्यक्तिगत, पार्टीगत दम्भ, अहं आदि इत्यादी विकारहरूलाई थाँती राखेर सबैथरी मिलेर जानु नै राम्रो हुनेछ । विश्वास गरौं, यो चुनाव नेपाल र नेपालीका लागि हितकार छँदै छैन- राष्ट्रभक्त नेपालीहरू यसै भनिरहेका छन् ।

shaswatsharma1969@yahoo.com

## बिओकेको साधारणसभा सम्पन्न

बैंक अफ काठमाण्डू (बिओके) लिमिटेडको १९औं वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ । सभाले बैंकका सेयरधनीलाई १४ प्रतिशत बोनस सेयरसहित ०.७३६ प्रतिशत नगद लाभांश दिने सञ्चालक समितिको प्रस्तावलाई पारित गरेको छ । बैंकले आव ०६९/७०मा सञ्चालन मुनाफा ८९ करोड र खुद मुनाफा ६१ करोड ७१ लाख रूपैयाँ पुऱ्याउन सफल भएको विज्ञप्तिमार्फत जनाएको छ । बैंकका अध्यक्ष सत्यनारायण मानन्धरले देशको प्रतिकूल आर्थिक परिस्थिति तथा अस्वाभाविक तरलताका बाबजुद बैंकले राम्रो सफलता हासिल गरेको बताए । बैंकको निक्षेपतर्फ आव ०६८/६९ को तुलनामा आव ०६९/७० मा १०.८४ प्रतिशतले वृद्धि भई २७ अर्ब ७० करोड रूपैयाँ पुगेको छ भने कर्जातर्फ १९.३१ प्रतिशतले वृद्धि भई २३ अर्ब ५ करोड रूपैयाँ पुगेको छ ।

## जागरणबाट जाग्यो राप्रपा नेपाल

काठमाडौं । ४६ जिल्ला हुँदै झापा पुगेर जागरण अभियान समापन गरेको छ, राप्रपा नेपालले । यो जागरण अभियानमा स्वागत गर्ने जनताले गाई चिह्नमा मतदान गरे भने संविधानसभामा राप्रपा नेपालले ५० भन्दा बढी सदस्य पुग्ने अनुमान र वैकल्पिक शक्ति बन्ने मार्गमा उदायो भन्न सकिन्छ ।

राप्रपा नेपालको घोषित नीति छ, 'संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्र ।' यी दुवै खेमामा व्यापक जनता छन् । तिनको आस्था छ । त्यो आस्था यसपटकको मंसिर ४ को निर्वाचनमा मतदानद्वारा प्रकट हुने विश्वास देशव्यापी रूपमा फैलिसक्यो । आश्चर्य त के पनि छ भने अरू ठूला राजनीतिक दलका मतदाताले समेत एक भोट आफ्नो पार्टीलाई र एक भोट गाईलाई भनेका छन् । 'गाई र माई, हिन्दू र हिन्दूराष्ट्र' मंसिर ४ को निर्वाचनको जनएजेण्डा बनिसक्यो । त्यसमाथि राप्रपा नेपालले उद्घोष गरेको एजेण्डा लिएर आन्दोलन गरिने छ । आम जनता त्यो दृश्य हेर्न र नैतिक समर्थन गर्न उत्साहित देखिन्छन् ।

## कर्णेलमाथि युद्ध अपराध

काठमाडौं । जनयुद्धकालमा बन्दीमाथि आमानवीय यातना दिएकै हो भन्ने ठहरसहित गत पुस २९ गते बेलायतमा पक्राउ परेका नेपाली सेनाका कर्णेल कुमार लामामाथि युद्ध अपराध मुद्दा अघि बढाउने निर्णय बेलायती क्रिमिनल कोर्टले गरेको छ । कात्तिक १२ को क्रिमिनल कोर्टको यो निर्णयले नेपाली राजनीति, नेपाली सेना र आधिकारकर्मीहरूबीच ठूलै हडकम्प मच्चिएको छ ।

यो निर्णय यस कारण पनि चर्चित बन्यो कि केही दिन अघिमात्र प्रधानसेनापति गौरवशमशेर जवरा बेलायत पुग्दा 'मुद्दा खारेज' गर्न आग्रह गरेका थिए । कर्णेल कुमार लामाका तर्फबाट जिकिर गरिएको मुद्दा खारेज अजीजलाई समेत कोर्टले खारेज गरिदिएको छ । अब कर्णेल लामामाथि युद्ध अपराधको मुद्दा अघि बढ्छ र यो मुद्दामा अरू को को सैनिक र राजनीतिक व्यक्ति तानिन्छन् भन्न सकिन्नँ । यो मुद्दाले हेग अदालत समेत आकर्षित भएको बताइन्छ ।

## मधेसीको मारामार देखावटी

काठमाडौं । मेधशी दलहरू फुट्दै, फाट्दै र प्रतिस्पर्धी बन्दै गएको दृश्यले कांग्रेस, एमाले, माओवादी दङ्ग परे पनि स्रोत भन्छ, यी सबै दृश्य देखावटी हुन् । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावास मधेसका ११ जिल्लाको निर्वाचन मुकाम बनेको छ र कस-कसलाई मिलाउँदा मधेशमा मधेसीबीच जित हुन्छ भन्ने जोड घटाउ भइरहेको छ ।

चुनाव आउन ३ दिन बाँकी हुँदा दूतावासले कुन क्षेत्रमा कुन-कुन उम्मेदवारलाई थचार्ने र कुन उम्मेदवारलाई आधिकारिक उम्मेदवार बनाएर भोट बर्साउने भन्ने नीति तय हुनेछ । यसो भयो भने मधेसमा मेधसीको जीत हुने दूतावासको विश्लेषण छ । यद्यपि केही निर्वाचन क्षेत्रमा आफ्ना पकेटका कांग्रेस, एमाले, माओवादीका केही उम्मेदवारलाई जिताउने रणनीति पनि दूतावासले बनाएको छ ।

प्रश्न छ, मिल्नान् त मधेसी दलका उम्मेदवारहरू ? मुख्यमन्त्री बन्ने सपना देखेका र दूतावासकै दानापानी खाएर हुर्केका मधेसी दलहरू दूतावासलाई 'महाबाप' ठान्छन्, महाबापको उर्दी आएपछि कसको के लाग्छ ?

## जनता नमार्न पूर्वराजाको आग्रह

काठमाडौं । प्राध्यापक सुरेन्द्र केसीका अनुसार राणा खानदानका एक पार्टीमा उपस्थित भएका पूर्वराजाले पार्टीमा सहभागी प्रधानसेनापति गौरवशमशेर जबरालाई 'चुनावी सुरक्षामा सेना तैनाथ हुनुपर्नेमा परिचालन भएछ ।' जे होस् गौरब इनोसेन्ट जनतामाथि गोली नचलाउ है भनेछन् । पूर्वराजा आम नागरिक झैँ सेना प्रोमोकिडामा परेर गोली चलाउँछ कि भनेर आतंकित रहेछन् । पूर्वराजा अथवा आम जनतासमेत चुनावमा सेना परिचालन हुनुले भयभित छन् । स्वयम् सुरक्षाविद्हरूले समेत सेना परिचालन गरेर हुने निर्वाचन परिणाममाथि अहिले नै प्रश्न उठाइरहेका छन् ।

ठूला पार्टीले सुरक्षा चाहियो भन्नु र निर्वाचन आयुक्तले प्रहरीले सुरक्षा लिनु भनेपछि अराजकता कुन हदसम्म बढिसक्यो भन्ने अनुमान गर्न सकिनछ । अराजकता यही मात्रामा बढ्ने हो भने आगामी केही दिनमै देशव्यापी रूपमा आतंक फैलिने र सरकार बाध्य भएर निर्वाचन रोक्ने स्थितिमा पुग्छ भन्ने चर्चा सुरू भएको छ ।

सारा नेपाली मिलेर अन्याय,
अत्याचारको विरुद्धमा लड्नु पर्छ र
यस्तो अन्याय, अत्याचारबाट मुक्त हुनु
पर्छ भन्ने आजको मागलाई हामी
सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार